# गाउँ शिक्षा क्षेत्र योजना

**(आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)**

**मकवानपुरगढ़ी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

## शिक्षा, युवा तथा खेलकुद शाखा

**मकवानपुरगढ़ी, मकवानपुर**

**बाग्मती प्रदेश, नेपाल**

# परिच्छेद १ गाउँपालिका परिचय तथा शैक्षिक स्थिति

नेपालको ऐतिहासिक तथा महत्वपूर्ण गढी रहेको मकवानपुरगढी गाउँपालिका बागमती प्रदेशको मकवानपुर जिल्लामा पर्दछ। साथै यस गाउँपालिकाको  पूर्वमा बकैया गाउँगाउँपालिका, पश्चिममा हेटौडा उपमहागाउँगाउँपालिका भीमफेदी गाउँगाउँपालिका, उत्तरमा भीमफेदी गाउँपालिका दक्षिणमा हेटौडा उपमहागाउँपालिका र बकैया गाउँगाउँपालिकासँग सिमाना जोडिएको छ। चुरे र पहाडको मौसमी विशेषता बोकेको यस गाउँगाउँपालिकामा जम्मा ८ वटा वडाहरु छन् र क्षेत्रफल ९४८.७३ वर्ग कि.मी. रहेको छ भने भौगोलिक अवस्थिति समुन्द्री सतहबाट करिब ९,३०४ मिटर रहेको छ। जिल्लाको कुल क्षेत्रफलको ६.५२ प्रतिशत भुभाग ओगटेको यस गाउँपालिकाको  बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरपालिकासँग सिमाना जोडिएर रहेको छ।

## १.१. वर्तमान अवस्था

शिक्षा मानव सभ्यताको मेरुदण्ड हो । शिक्षा व्यक्तिको सर्वाङ्गिण पक्षको विकास गराउने प्रक्रिया हो। उक्त शिक्षाको महत्वलाई आत्मसात गर्दै नेपालको संविधान २०७२ मा शिक्षालाई मौलिक हक मान्दै सर्भसुलभ बनाउन आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षालाई अनिवार्य गरिएको छ। साथै माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चिताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रमूख कर्तव्य अब गाउँपालिकाको हुन आएको छ। शिक्षाले रोजगारी र आय आर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृतिक विकास मार्फत् सभ्य समाजको निर्माण गर्नु नागरिकको सबैभन्दा नजिकको स्थानीय सरकारको रूपमा रहेको गाउँपालिकाहरुको जिम्मेवारी र कर्तव्य हो ।

### १.१.१ जनसाङ्ख्यिक संरचनाको विश्लेषण

तामाङ जातीको बहुल्यता रहेको यस गाउँपालिकाको  कूल जनसंख्या राष्ट्रिय जनगणना २०७८ अनुसार २४,४६१ रहेको छ। यहाँ बौद्ध, हिन्दु र इसाई धर्मावलम्बीहरुको बसोबास रहेको छ। महिला पुरुष सहित यस गाउँपालिकाको वडागत जनसांख्यिक विवरण निम्नानुसार रहेको छः

| वडा नं | पुरुष | महिला | जम्मा जनसंख्या | लैंगिक अनुपात | घर परिवार | औषत परिवारको आकार |
|---|---|---|---|---|---|---|
| १ | १,४८२ | १, ४४७ | २,९२९ | १०२.४२ | ६०७ | ४.८३ जना |
| २ | २,२८६ | २, २७७ | ४,५६३ | १००.४० | ९५९ | ४.७६ जना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | १,२८३ | १.२९६ | २,५७९ | ९९ | ५९४ | ४.३४ जना |
| ४ | १,३७७ | १,३८६ | २,७६३ | ९९.३५ | ६३३ | ४.३६ जना |
| ५ | १,८०३ | १,७५४ | ३,५५७ | १०२.७९ | ८०९ | ४.४० जना |
| ६ | १,३२७ | १,३२० | २,६४७ | १००.५३ | ५९४ | ४.४६ जना |
| ७ | १,६८८ | १,६७८ | ३, ३६६ | १००.६० | ६६६ | ५.०५ जना |
| ८ | १,०२७ | १,०३० | २,०५७ | ९९.७१ | ४२३ | ४.८६ जना |
| जम्मा | १२,२७३ | १२, १८८ | २४, ४६१ | १००.७० | ५२८५ | ४.६३ जना |

( श्रोतः राष्ट्रिय तथ्याङ्क विभाग, २०७८)

### १.१.२ शैक्षिक स्थिति

शिक्षामा गरेको लगानीले विकासको समय पक्षमा प्रभाव पर्ने हुँदा लगानी बृद्धि तर्फ राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा जोडदार आवाज उठ्दै आएको छ। युनेस्कोद्वारा प्रकाशित EFA global monitoring report ले शिक्षाको लक्ष्य हासिल गर्न सबै राष्ट्रलाई कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने सुझाव दिएको छ। सोही प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रतिव्यक्ति आयमा १ प्रतिशतले बृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ। यसै गरी दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ४ मा 'समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरू प्रदान गर्ने भनी लक्ष्य प्राप्तिका लागि मार्गदर्शकको रूपमा अगाडि सारिएको छ। योजना भविष्यमा गरिने कामहरू भएकाले तथ्यमा आधारित रहेर गरिने क्रियाकलापहरू र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ। प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षामा पहुँच पुर्याई गुणस्तरीय सिकाइ उपलब्धि गराउनु, जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यवसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा प्रदान गर्नु, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरूलाई जीवन पर्यन्त सिक्ने

वातावरण सृजना गरी शिक्षाको अवसर प्रदान गर्नु यस मकवानपुरगढी गाउँपालिकाको मुख्य भूमिका रहन गएको छ। विद्यालय शिक्षालाई गुणस्तरीय बनाई सामुदायिक विद्यालयमा अभिभावकहरुको आकर्षण बढाउनुका साथै शिक्षामा लगानी गर्ने वातावरण सृजना गर्नुपर्ने अवस्था आएको छ। त्यसैले स्थानीय सरकारको हैसियतले विद्यालय शिक्षा सर्वसुलभ, गुणस्तरीय, अनिवार्य एवं निःशुल्क बनाई आशातित उपलब्धि गरेर यस गाउँगाउँपालिकालाई शैक्षिक गन्तव्यको थलोको रूपमा विकास गर्ने ध्येयले यो पाँच वर्षे गाउँ शिक्षा योजना तयार गरिएको छ।

यस गाउँपालिकामा ९ वटा माध्यमिक विद्यालयहरु ३० वटा आधारभूत विद्यालयहरु र १ वटा संस्थागत विद्यालय सञ्चालनमा रहेका छन्। शैक्षिक सत्र २०८० मा आधारभूत तह (कक्षा १-५) २,९१५, आधारभूत तह (कक्षा ६-८) १,०९३ र माध्यमिक तह (कक्षा ९-१२) मा ८,७६ गरी ५,१५० जना विद्यार्थीहरु अध्ययनरत छन्। प्राथमिक तहमा १५८ जना, निम्न माध्यमिक तहमा ३८ जना र माध्यमिक तहमा ३३ जना शिक्षकहरु कार्यरत रहेका छन्। iemis २०८० को तथ्याङ्क अनुसार आधारभूत तह (कक्षा १-५) मा लैंगिक समता सुचाङ्क ०.९४, आधारभूत तह (कक्षा ६-८) मा १.१४ र माध्यमिक तह (कक्षा ९-१२) मा १.४ रहेको छ। प्रायः सबै शिक्षकहरु तालिम प्राप्त छन् र कूल शिक्षकको ४०.९७ प्रतिशत महिला शिक्षकहरु छन्। यस गाउँपालिकाको शिक्षक विद्यार्थी अनुपात १:२३ रहेको छ। यस गाउँपालिकाको महत्वपूर्ण शैक्षिक विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

| **सामुदायिक विद्यालय किसिम** | **संख्या** | **कैफियत** |
|---|---|---|
| प्रारम्भिक बालविकास केन्द्र | ४० | विद्लयस्तर –३६<br>समुदाय स्तर –४ |
| आधारभूत तह | २७ | अधारभूत कक्षा (१-८)<br>कक्षा (१-५) -६<br>कक्षा (१-३) -१५ |
| माध्यमिक तह | १० | प्राविधिक संकाय समेत |
| जम्मा | ३९ | |

(श्रोतः iemis, २०८१)

प्राथमिक तहको खुद भर्नादर ९९% प्रतिशत रहेको छ। हाल यस गाउँगाउँपालिकामा साविकको शिक्षा विभागबाट अनुमति प्राप्त गरी १ वटा प्राविधिक शिक्षालय सञ्चालनमा रहेको छ र उक्त प्राविधिक धारमा ६९ जना विद्यार्थीहरु (९-१० कक्षा) छन् भने शिक्षण जनशक्ति ६ जना रहेका छन्। तहगत विद्यार्थी विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

| शैक्षिक तह | अध्ययनरत विद्यार्थीहरुको संख्यात्मक विवरण | |
|---|---|---|

| | सामुदायिक | | | | संस्थागत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | अन्य | जम्मा | छात्रा | छात्र | अन्य | जम्मा | कैफियत |
| बालबिकास | ४७० | ३७३ | ० | ८४३ | | | | | |
| आधारभूत १-५ | १२९५ | १२३६ | ० | २,५३१ | | | | | |
| आधारभूत ६-८ | ६५९ | ६३० | ० | १२८१ | | | | | |
| माध्यमिक ९-१० | ३२६ | २६६ | ० | ५९२ | | | | | |
| माध्यमिक ११-१२ | १५९ | ८७ | ० | २४६ | | | | | |
| | २९०१ | २५९२ | ० | ५४९३ | | | | | |

(श्रोतः iemis, २०८१)

यस गाउँपालिकामा रहेके शिक्षक दरबन्दी विवरणा तल तालिकामा प्स्तुत गिरएके छ

| तह | शिक्षाक दरबन्दी | | | राहत (करार) | | | शिक्षक अनुदान | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूषा | जम्मा | महिला | पुरूषा | जम्मा | महिला | पुरूषा | जम्मा |
| बालबिकास केन्द्र | ५५ | ० | ५५ | ५४ | ० | ५४ | १ | ० | १ |
| प्राथमिक | ५० | ५६ | १०६ | ३४ | १५ | ४९ | २ | १ | ३ |
| निम्न माध्यामिक | ४ | ९ | १३ | ९ | १४ | २३ | १ | ० | १ |
| माध्यामिक ९-१० | ५ | ८ | १३ | ३ | १२ | १५ | १ | ६ | ७ |
| माध्यामिक ११-१२ | ० | ६ | ६ | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ११४ | ७९ | १९२ | ४६ | ४१ | ८७ | ५ | ७ | १२ |

(नोट शिक्षाक अनुदान भित्र संघीय प्देश र गाउँपालिका स्तरीय अनुदान रहेका छन्र)

### १.२ शिक्षा क्षेत्रका समस्या तथा चुनौतीको विश्लेषण

मकवानपुरगढी गाउँपालिकाको  शिक्षा क्षेत्रमा रहेका समस्याहरु निम्नानुसार रहेका छन्:

**सिमित बजेट**

- गाउँगाउँपालिकाले आफ्नो आन्तरिक स्रोतबाट शिक्षा क्षेत्रकालागि ७% मात्र बजेट बिनियोजन गरेको छ।

**चेतनाको कमी**

- समुदाय अर्थात अभिभावकहरुमा शिक्षाको महत्व र यसले परिवारमा पार्न सक्ने प्रभावबारे अनभिज्ञता
- लगायत शैक्षिक जागरणको अभाव रहेको छ। अभिभावकहरु आफ्ना नजिकको सामुदायिक विद्यालयहरुमा चासो नराख्ने वा कम चासो राख्ने गर्दछन् ।

**प्रविधिमैत्री नहुनु**

- शिक्षण शैली प्रविधिमैत्री हुन नसक्नु र प्रविधि जानेको जनशक्तिको अभाव हुनु एक अर्को समस्या हो ।
- शिक्षकहरु वैकल्पिक शिक्षण विधिहरु तर्फ आकर्षण हुन नखोज्नु र नयाँ सिकाइ प्रविधिसँग अनुकुलन हुन तत्पर नदेखाउनु जस्ता समस्याहरु छन् ।

**प्रशासनिक कार्य गर्ने कर्मचारी अभाव**

- प्रायःजसो विद्यालयको प्रशासनिक कार्यहरु प्रधान अध्यापक वा नीजले भने अनुसार अन्य शिक्षकले गर्ने गरेका छन् ।

**नीतिगत सुधारक खाचो**

- शिक्षा क्षेत्रको विकासकोलागि आवश्यक नीति तथा कानून निर्माण भई नसकेको अवस्था छ ।
- गाउँगाउँपालिकासंग शिक्षा सम्बन्धी ऐन छ तर त्यसलाई कार्यान्वयनमा लान आवश्यक अन्य नीतिगत आधारहरु जस्तै नीति र योजना तथा कार्यविधिहरुको अभाव रहेको छ ।

**दरबन्दीको अभाव**

- सामुदायिक विद्यालयहरुमा तहगत तथा विषयगत शिक्षक दरबन्दीको अभाव रहेको देखिन्छ ।

**सिकाइको निरन्तरताको अभाव**

- विद्यार्थीहरुमा सामाजिक मुल्य मान्यता तथा सामाजिक संस्कार क्षय हुदै गइरहेको छ र पठन संस्कृतीको पनि ह्रास भैरहेको छ जस्ले गर्दा उनीहरुमा सिकाईलाई निरन्तरता दिन समस्या देखिएको छ ।
- अभिभावकहरु पनि उनिहरुको पढाईमा कम चासो दिन्छन साथै सामुदायिक विद्यालयमा उनीहरुको भेटघट पनि कम छ ।

## १.३ शिक्षा क्षेत्रको चुनौतीको swot विश्लेषण

शिक्षा विकासका लागि समयको माग तथा आवश्यकताका आधारमा शैक्षिक क्षेत्रको परिवेशमा देखिएका अवस्थाहरु निम्नानुसार पहिचान गरिएको छ ।

**सबल पक्ष**

यस गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्रका मुख्य सबल पक्षहरु निम्नानुसार रहेका छन्ः

- गाउँपालिकाले विद्यालय शिक्षालाई प्राथमिकता दिँदै गाउँपालिका शिक्षा ऐन, २०७५ जारी हुनु
- गाउँ शिक्षा समिति गठन हुनु
- विद्यालयहरुको भौतिक संरचना पर्याप्त हुनु
- कतिपय विद्यायहरुमा विद्यालय नर्सको व्यवस्था हुनु
- रैथाने दिवा खाजाको व्यवस्था हुनु
- बालमैत्री गाउँपालिका घोषणा हुनु
- अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको घोषणा हुनु

**कमजोर पक्ष**

यस गाउँपाकिाको विद्यालय शिक्षा क्षेत्रका मुख्य कमजोरीहरु निम्नानुसार रहेका छन्ः

- गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतबाट शिक्षा क्षेत्रका लागि ७ मात्र बजेट विनियोजन गरिनु,
- समुदाय अर्थात अभिभावकहरुमा शिक्षाको महत्व र यसले परिवारमा पार्न सक्ने प्रभावबारे ज्ञान न्यून हुनु
- अभिभावकहरु आफ्ना नजिकको सामुदायिक विद्यालयहरुमा चासो नराख्नु वा कम चासो राख्नु,
- शिक्षकहरु वैकल्पिक शिक्षण विधिहरु तर्फ आकर्षण हुन नखोज्नु र नयाँ सिकार्य प्रविधिसँग अनुकुलन हुन तत्पर नदेखाउनु
- सामुदायिक विद्यालयहरुमा तहगत तथा विषयगत शिक्षक दरबन्दी मिलाउन बाँकी रहनुप्राय जसो विद्यालयको पैशासनिक कार्यहरु प्रधानाध्यापक र अन्य शिक्षकले गर्नु
- गाउँपालिका शिक्षा ऐन बन्नुतर नियमावली र अन्य आवश्यक नीतिगत आधारहरु जस्तै नीति, योजना र कार्यविधिहरु बन्न बाकी हुनु
- समुदायमा पठन संस्कृतिको ह्रास हुनुर अभिभावकहरुमा सकारात्मक अभिभावकत्वको भावना कम हुनु

**चुनौतीहरु**

- सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षा सुनिश्चित गर्न बालविकास केन्द्र समायोजन तथा पूनवितरण गरी मापदण्ड अनुसार संचालन नहुनु
- विद्यालय नक्शांकनका आधारमा विद्यालय स्थापना समायोजन तथा पूनवितरण नहुनु
- सबै विद्यालयहको भौतिक शैक्षिक वातावरणमा सुधार ल्या विद्यालयलाई बाल अपाडगता र लैंगिकमैत्रि बनाउन नसक्नु
- अभिभावक शिक्षा संचालन र निरन्रता को प्रयोग गरी प्रविधिमा विद्याथीहरुको पहुँच सुनिश्चितता गर्नु र शिक्षकहरुलाई प्रविधिमैत्री बनाउन नसक्नु
- शिक्षक तथा शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित नहुनु
- विद्यालयलाई भय, विभेद र दुव्र्यवहारमुक्त बनाई विविधता अनुकूल समावेशी र समतामूल नहुनु
- वैकल्पिक शिक्षामा आकर्षण न्यून हुनु
- शिक्षा र रोजगारी विचको तालमेल मिलाउनुर प्रतिभा पलायन नरोकिनु
- शिक्षामा शासकीय प्रबन्धलाई थप सृदृढ बनाउदै नतिजामूखि व्यवस्थापन र सुशासन प्रवद्र्धन गर्न उत्तरदायि प्रणालीलाई प्रभावकारी बनाउनु
- विपतको समयमा सिकाईलाई निरन्तरता दिनु

## १.४ अवसर

संविधान मै शिक्षालाई मौलिक/ हकको रूपमा स्थापित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना भएको छ । उल्लिखित चुनौतीहरु समाधान गरी शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरु उपलब्ध हुनेछ । यस गाउँपालिकाको विद्याय शिक्षा क्षेत्रका मूख्य अवशरहरु निम्नानुसार रहेका छन्

- शैक्षिक सुधारका लागि गाउँपालिका तत्पर र सकारात्मक रहेको
- नेपालको संविधान, २०७२ को धारा ३९ मा शिक्षालाई मौलिक हकमो रपमा व्यवस्था गरिनु र आधारभूत र माध्यामिक शिक्षालाई स्थानीय सरकारको एकल अधिकारको रुपमा समावेश गरिनु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ मा स्थानीय सरकारको अधिकारमा शिक्षालाई समावेश गरिनु
- गाउँपालिका शिक्षा ऐन, २०७५ जारी हुनु
- बालमैत्री गाउँपालिका घोषणा भएको

- अनिवार्य तथा निःशुल्क शिक्षा लागूभएको स्थानीय तह घोषणा कार्यक्रमका लागि बागमती प्रदेश सरकारबाट छनोट भएको
- शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवस्था
- संघीय र प्रान्तिय सरकारबाट शिक्षामा लगानी गर्न सकिने अवस्था
- शिक्षण सिकाईमा विभिन्न सूचना र संचार प्रविधिको प्रयोगमा विस्तार हुनु
- आफ्नो पालिकाको अर्थ, समाज इतिहास र भुगोल समेटेर स्थानीय पाठ्यक्रमको निर्माण गर्न पाउनु
- स्थानीय पाठ्यक्रम निर्माण गरी सस्थानीय विषयवस्तुहरु जस्तै पर्यटन, ईतिहास र कृषि तथा पशुसेवाको महत्व उजागर गर्न सक्ने सम्भावना भएको
- पर्यटकीय र ऐतिहासिक क्षेत्र भएकोले सो सम्बन्धमा अनुसन्धान र शैक्षिक विकासको सम्भावना
- शिक्षण सिकाइको लागि आवश्यक शैक्षिक पुर्वाधार र बातावरण भएको
- शैक्षिक सेवाहरुको विस्तार सुधारमा सबै सरोकारवालाहरुको सहयोग र समर्थन भएको
- वैकल्पिक शिक्षाका माध्यामहरु प्रयोग गर्न सक्नु
- शैक्षिक सेवाहरुको विस्तार सुधारमा सबै सरोकारकावालाहरु सहयोग र समर्थन भएको
- शिक्षण सिकाइको लागि आवश्यक शैक्षिक पूर्वाधार र वातावरण भएको
- पर्यटकीय र ऐतिहासिक क्षेत्र भएकोले सो सम्बन्धमा अनुसन्धान र शैक्षिक विकासको सम्भावना,
- विजुलीको सुविधिा सहित सुचना प्रविधिको प्रयोग गरी कम लागतमा अधिकतम प्रतिफल हासिल गर्न सक्ने
- शिक्षण सिकाईका विभिन्न संचार र प्रविधि उपलब्ध रहेको
- स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय विषयवस्तुहरु जस्तै पर्यटन, ईतिहास र कृषि तथा पशुसेवाको महत्व उजागर गर्न सक्ने सम्भावना
- बालमैत्री गाउँपालिका घोषणा भएको
- पर्यटकीय र ऐतिहासिक क्षेत्र भएकोले सो सम्बन्धमा अनुसन्धान र शैक्षिक विकासको संभावना,
- विजुलीको सुविधा सहित सुचना प्रविधिको प्रयोग गरी कम लागतमा अधिकतम प्रतिफल हासिल गर्न सक्ने
- शिक्षण सिकाइका विभिन्न संचार र प्रविधि उपलब्ध रहेको
- स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय विषयवस्तुहरु जस्तै पर्यटन, इतिमहास र कृषि तथा पशुसेवाको महत्व उजागर गर्न सक्ने सम्भावना
- बालमैत्री गाउँपालिका भोषणा भएको
- अनिवार्य तथा निःशुल्क शिक्षा लागूभएको स्थानीय तह भोषणा कार्यक्रमका लागि बागमती प्रदेश सरकारबाट छनौट भएको

## परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

वदलिंदो समयको माग अनुसारको तथा राष्ट्रिय अन्तराष्ट्रिय स्तरको शिक्षित योग्य र निपूण मानव संसाधन उत्पादन गर्ने शिक्षा योजनाको ठूलो भूमिका रहेको हुन्छ। संघियताको कार्यान्वयनमा जादैं गर्दा गाउँगाउँपालिकालाई प्राप्त संवैधानिक अधिकारको कार्यान्वयनका लागि पनि यो गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्न आवश्यक छ। अनिवार्य र निःशुल्क शिक्षा ऐन २०७५ ले स्थानीय सरकार र मुख्य गरी वडा समितिहरुलाई जिम्मेवार बनाएको छ र संविधान प्रदत्त शैक्षिक सम्बन्धी हकमा व्यवस्था भए अनुसार सबै विद्यालय उमेर समूहका बालबालिकाहरुलाई अनिवार्य विद्यालय शिक्षामा सहभागि गराएर नागरिकको मौलिका अधिकार सुनिश्चित गर्ने मनासायका साथ प्रस्तुत शिक्षा योजना निर्माण गरिएको हो । बाल अधिकार महासन्धि विश्वव्यापी घोषणालाई नेपाल सरकारले स्वीकार गरी सबै बालबालिकालाई आधारभुत तहको शिक्षा, अनिवार्य तथा निःशुल्क र प्रत्येक बालबालिकालाई माध्यामिक तह सम्मको शिक्षामा पहुँच र उपलब्ध गराउने प्रतिबद्धता गरेको छ । सन् २०३० सम्ममा दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरु मध्ये लक्ष्य नम्बर ४ मा रहेको सबैकालागि समावेशी र समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवन पर्यन्त सिकाईको सुनिश्चितता गरिने कुरा उल्लेख छ । उक्त बाल अधिकार महासन्धिको उद्देश्य र दिगो विकास लक्ष्य पूरा गर्न नेपालले पनि प्रतिवद्धता जनाएको हुनाले तथा राष्ट्रिय शिक्षा नीतिमा सफलता हासिन गर्नकोलागि यो योजनाको औचित्य रहेको छ।

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनपुर्ने आधार

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९ मा व्यवस्था भएको स्थानीय तहको काम कर्तव्य र अधिकार अन्तरगत आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी विद्यालय तहको शिक्षा व्यवस्थापन र विकासकोलागि यस योजनाले ठोस वहुवर्षिय कार्ययोजना निर्माण गरेको छ। गाउँगाउँपालिकाले आफ्नो शिक्षा क्षेत्र योजना तर्जुमा गरेर गाउँपालिकाको शैक्षिक अवस्था सुदृण गर्न, बालबालिकामा गुणस्तरीय सिकाईको सुनिश्चितता तथा सबै बालबालिकाहरुको शिक्षा प्राप्तिको अधिकार पूरा गर्न विभिन्न कानून तथा नीतिगत व्यवस्थाहरुको कारण यस योजनाको सान्दर्भिकता र औचित्य भएको पुष्टि गर्दछ। नेपालको संविधानले निर्दिष्ट गरेको शिक्षा सम्बन्धी मौलिक हक, १६ औं योजनाको शिक्षा सम्बन्धी नीति, राष्ट्रिय शिक्षा नीति २०७६, मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका एजेन्डा र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रको रुपमा स्तरोन्नति गर्ने राष्ट्रिय संकल्पनै नयाँ शिक्षा योजना निर्माणको मूल आधार हुन । शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउनका साथै गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एंव उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य संघिय शिक्षा नीति र योजनामा उल्लेख भएको छ त्यसकारण उक्त उद्देश्यहरु पूरा गर्न गाउँपालिकामा शिक्षा योजना निर्माण गर्न आवश्यक छ। गाउँपालिका तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नकालागि समयानुकुल हुने गरी शिक्षा योजना निर्माण गर्न जरुरी छ ।

### २.२ दीर्घकालीन सोच

मकवानपुरगढी गाउँपालिका प्रस्ट सोचका साथ शिक्षालाई सर्वसुलभ, निशुल्क, गुणस्तरीय, व्यावहारिक बनाउदै प्रतिस्पर्धी, दक्ष र उत्पादनमूलक जनशक्ति उत्पादन गर्ने कालीन सोच राख्दछ जसलाई तल उल्लेख गरिएको छ।

### २.३ दूरदृष्टि

सबैको पहुँचमा निःशुल्क, गुणस्तरीय र व्यावहारिक शिक्षा
दक्ष जनशक्ति निर्माण मकवानपुरगढी गाउँपालिकाको प्रतिवद्धता।

## २.४ लक्ष्य

दक्ष शिक्षक, उपयुक्त सिकाइ सामग्री र वातावरणको सुनिश्चितता गरी सामाजिक मूल्य मान्यता सहितको गुणस्तरीय शिक्षा मार्फत दक्ष, प्रविधिमैत्री, सीपयुक्त, सिर्जनशील, उद्यमशील र संस्कारयुक्त तथा निष्ठावान जनशक्ति तयार गर्ने।

## २.५ उद्देश्य

- ४ वर्ष सम्मका बालबालिकाहरुका लागि गुणस्तरीय बाल विकास र शिक्षाको अवसर उपलब्ध गराउनु
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा आधारभूत उमेर समूहका सबै बालबालिकाहरुको समतामूलक पहुँच सुनिश्चित गर्नु,
- माध्यमिक तह शिक्षामा गुणस्तर र सान्दर्भिकता कायम गर्दै सबै बालबालिकाको उमेरगत पहुँच तथा सहभागिता अवसर अभिवृद्धी गर्नु,
- माध्यमिक तहको शिक्षाबाट दक्ष एंव स्वरोजगार जनशक्ति उत्पादन गर्न हावापानी र भुगोल अनुकूल तथा समुदायको माग अनुसारको प्राविधिक र व्यावसायिक शिक्षा स्थापनालाई प्राथमिकता दिनु र उक्त शिक्षामा समुदायको पहुँच अभिवृद्धी गर्नु,
- शिक्षाबाट वन्चित सबै उमेर समूहका व्यक्तिहरुलाई जीवनोपयोगी शिक्षा हासिल गर्न अनौपचारिक शिक्षा मार्फत निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाईको अवसर उपलब्ध गराउनु,
- शिक्षामा सकारात्मक अभिभावकत्व र सामुदायिक सचेतिकरण कार्यक्रमहरु मार्फत समयमै विद्यालय भर्ना नहुने र बीचैमा कक्षा छाड्ने विद्यार्थी दरलाई न्यूनीकरण गर्दै विद्यार्थी नियमितता र टिकाऊ दरमा सुधार गरी सिकाई उपलब्धि वृद्धि गर्नु,
- विद्यालय व्यवस्थापनमा सुशासन कायम गरी समुदाय प्रति जवाफदेही र बालबालिकाको सिकाई प्रति उत्तरदायी प्रणालीको विकास गर्नु, र
- गाउँपालिकाको परिवेश र आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री विकास, निर्माण र कार्यन्वयन गर्नु।

## २.६ रणनीति

बालविकास केन्द्रलाई विद्यालयको अभिन्न अङ्गको रुपमा विकास गरी सबै प्रारम्भिक बाल उमेरका शिशुहरुलाई बालविकास केन्द्रमा भर्ना हुन अनिवार्य गर्ने।

- बालविकास केन्द्रलाई विद्यगलयको अभिन्न अंगको रुपमा विकास गरी सबै प्रारम्भिक बाल उमेरका शिशूहरुलाई बालविकास केन्द्रमा भर्ना हुन अनिवार्य गर्न
- बालविकास केन्द्रलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार न्यूनतम आवश्यक सेवा तथा सुविधा सहित गुणस्तरीय बनाउने
- आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरुको आधारभूत शिक्षामा सहज पहुँच र समावेशी सहभागिताका लागि शैक्षिक सुशासन कायम, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण पूर्वाधारको विकास तथा शिक्षकको उत्तरदायित्व र पेशागत दक्षता जस्ता पक्षहरुमा जोड दिइनेछ।
- अनिवार्य माध्यामिक तह शिक्षाको गुणस्तर र सान्दर्भिकता कायम गर्न शिक्षाको महत्वबारे अभिभावक सचेतना अभियान नियमित सिकाई उपलब्धि अन्तरक्रिया, बाल रुची अनुसार प्राविधिक तथा व्यवसायिक शिक्षामा सहभागिता, सिकाईमैत्री र बालमैत्री वातावरण तथा शिक्षकको उत्तरदायित्व र मर्यादित व्यवहार जस्ता पक्षहरुमा जोड दिइनेछ।
- माध्यामिक तहको शिक्षाबाट दक्ष र उत्पादनशील एवं स्वरोजगार जनशक्ति उत्पादन गर्न प्राविधिक व्यवसायिक र सीपमूलक शिक्षालाई प्राथमिकता दिइनेछ र उक्त शिक्षामा जोडिन बालबालिका र अभिभावकहरुलाई प्रोत्साहन गरिनेछ।
- प्रारम्भिक बालविकास तथा शिक्षालाई प्रभावकारी बनाउन एक वडामा एक नमुना बालविकास केन्द्र र आवश्यकता अनुसार कार्यविधिमा आधारित सुरक्षित भौतिक पूर्वाधार सहितको नमुना आधारभूत र माध्यामिक विद्यालय स्थापना गरिनेछ
- संघीय कानुन र मापदण्ड बमोजिम नक्साङनको आधारमा विद्यालयको स्थापना समायोजन र पुर्नवितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चितता गरिनेछ
- नवीनतम सीप र ज्ञान एवं अनुभवलाई आदान प्रदान गरी आधुनिक प्रविधिसँग जोडिनेछ।
- शैक्षिक सामग्री निमाृण तथा प्रयोगलाई प्रोत्साहन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।
- सबै तहमा कार्यरत शिक्षकहरुको शिक्षण पेशा प्रति प्रतिवद्ध, स्वप्रेरित, दक्ष र थप शसक्त बनाउन पेशागत सीप विकास तालिमको व्यवस्था गरिनेछ।
- शिक्षक नियमितताको लागि शिक्षक आधारसंहिता निर्माण, कक्षाकोठामा विताउने समयको व्यवस्थापन गरी शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाइनेछ

- विद्यालय र समुदाय बिच समन्वय र सुमधुर सम्बन्ध स्थापना गर्न र अभिभावकमा बाल स्वास्थ्य शिक्षा, पोषण तथा बाल मनोविज्ञानबारे बुझाउन अभिभावक शिक्षा कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ।
- स्थानीय सामाजिक, सांकृतिक र परम्परागत कला, ज्ञान र सीपसंग बालबालिकालाई परिचित गराई व्यावहारिक नैतिक शिक्षामा जोड दिन स्थानीय पाठ्यक्रम पाठ्यसामग्रीको विकास ।अध्यावधिक गरिनेछ।
- सबै बालबालिका विशेषतः आर्थिक तथा सामाजिक कारणले सुविधा विहिन सीमान्तृत तथा अपांगता भएका बालबालिकाहरुको समतामूलक र समावेशी पहुँच र सहभागिता सुनिश्चित गर्न छात्रवृद्धि सहयोगको व्यवस्थाका साथै दक्ष र प्रतिस्पर्धी विद्यार्थीलाई गाउँपालिकाको विकासको क्षेत्रमा सहयोग गर्ने गरी उच्च शिक्षा प्राप्तिमा छात्रवृद्धि प्रदान गरिनेछ।
- विद्यालय बाहिर रहेका र शिक्षाबाट बञ्चित सबै उमेर समूहका व्यक्तिलाई अनौपचारिक, वैकल्पिक र खुला विद्यालयको माध्यमबाट शिक्षाको मूलधारमा ल्याउने व्यवस्था मिलाइनेछ।
- अपाङ्ता भएका, पछाडि परेका। पारिएका, सीमान्तकृत बालबालिकाहरुलगायत सबै बालबालिकाका लागि भय, विभेद, दुव्र्यवहारमुक्त सुरक्षित वातावरण निर्माण गरी प्राथमिकताका साथ समावेशी गुणस्तरीय शिक्षाको अवसर उपलब्ध गराइनेछ।
- आपतकालीन र संकतपूर्ण अवस्थामा समेत बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न व्यवस्था गरिनेछ।
- निःशुल्क माध्यामिक शिक्षा (साधरण, व्यावसायिक तथा प्राविधिक) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सघं र प्रदेश सरकारको संयुक्त कार्यढाँचा अनुसार माध्यामिक विद्यालयको क्षमता सुधार गरिनेछ।
- अनिवार्य तथा निःशुल्क आधारभूत र माध्यामिक शिक्षाको विकास र व्यवस्थापनका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ
- शिक्षा प्रणालीको दक्षता, प्रभावकारीता र जवाफदेहिता अभिवृद्धी तथा विद्यालय शिक्षाका सबै निकायमा सुशासन प्रवद्र्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन संयन्त्रको विकास गरिनेछ।

## २.७ कार्यनीति

- संघीय सरकारबाट प्राप्त हुदै आएको अनुदानलाई निरन्तरता दिदै प्रदेश सरकारबाट समेत लगानी ल्याउन गाउँपालिकाबाट लागत साझेदारी गरिने
- सरसफाइको व्यवस्था सहि बालबालिकाको सर्वाडगिन विकासका लागि बालमैत्री कक्षा कोठाको व्यवस्थापन सहित अडियो भिडियो सामग्री सहित विभिन्न शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरिने,

- कक्षा एकमा भर्ना हुन बालविकास केन्द्रमा अनिवार्य भर्ना भई कम्तिमा एक वर्ष सिकार्य हासिल गरेको हुनु पर्ने व्यवस्था गरिने
- बालबालिकाहरुलाई विद्यालय जाउँ जाउँ लाग्ने प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिने
- विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाडने समस्या समाधान गर्न दिवा खाजा, छात्रवृत्ति, नियमित स्वास्थ्य परिक्षण, काकर्ष अतिरिक्त क्रियाकलाप जस्ता प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिने
- शिक्षाबाट बाहिर र बञ्चित सबै उमेर समूहका व्यक्तिहरुका लागि हुने गरि सामुदायिक सिकार्य केन्द्रको स्थापना, जीवनोपयोगि सीप विकास र प्राविधिक सीपमूलक शिक्षाको व्यवस्था गरिने
- गाउँपालिकाबाट प्राविधिक एवं व्यवसायिक उच्च शिक्षाको लागि छात्रवृत्ति पाएका विद्यार्थीहरुको नामावली तयार गरिने र निश्चित तोकिएको अवधिका लागि रोजगारीको अवसर प्रदान गरिने,
- न्यूनतम शिक्षक संख्या सुनिश्चित गर्न स्वयंसेक शिक्षक परिचालन गरिने
- अति विपन्न र पिछडिएका वर्गका विद्यार्थी विशेषलाई आवश्यक शैक्षिक सहयोग र पढ्दै र कमाउदै कार्यक्रममा जोडिन सहयोग गरिने
- माध्यामिक तहको शिक्षाबाट दक्ष उत्पादनशील एवं स्वरोजगार जनशक्ति उत्पादन गर्न प्राविधिक व्यावसायिक र सीपमूलक शिक्षालाई थप गर्दै र उक्त शिक्षामा जोडिन बालबालिका र अभिभावकहरुलाई प्रोत्साहन गरिने
- प्रारम्भिक बाल विकास तथा क्षिालाई पैभावकारी बनाउन एक वडामा एक नमुना बालविकास केन्द्रै र आवश्यकता अनुसार कार्यविधिमा आधारित सुरक्षित भौतिक पूर्वाधार सहितको नमुना आधारभूत र माध्यामिक विद्यालय स्थापना गरिने
- विद्यार्थी गृहकार्य र कक्षा कार्य प्रणालीलाई व्यवस्थित गरिने
- शिक्षक र विद्यार्थी न्यून भएका विद्यालयहरुमा बहुकक्षा शिक्षण र कक्षा शिक्षण गर्न उपयुक्त पाठ्य सामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री र कषा कोठाको व्यवस्था गरिने,
- सबै प्रकारका शिक्षक नियुक्तिमा एकरुपता ल्याउन मापदण्डाकार्यविधिको विकास, शैक्षिक नतिजामा सुधार ल्याउन दक्ष र अनुभवी शिक्षकहरुबाट सुपरिवेक्षण, अनिवार्य न्यूनतम सिकार्य उपलब्धि हासिलका लागि शिक्षकाहरुलाई उत्तरदायित्व बनाउन पुरस्कार र दण्डको व्यवस्था सहित नतिजामा आधारित कार्य सम्पादन मूल्यांकनको मापदण्ड विकास र आवश्यकता अनुसार शिक्षकको पेशागत क्षमता अभिवृद्धि गरिने
- शिक्षण सिकाई लगायत सम्पूर्ण शिक्षा प्रणालीलाई प्रभावकारी बनाउन सूचना प्रविधिको उच्चतम उपयोग गरिने
- शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाउन सामाजिक संजाललाई माध्यमको रुपमा प्रयोग गर्दै लगिने

- हरेक विद्यालयमा स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छटा सम्बन्धी अभिभावक शिक्ष लगायत नियमित सचेतना अभियान संचालन गरिने
- विद्यालयमा शिक्षा सम्बन्धि आपतकालिन घटना घटन गएमा निरन्तर शैक्षिक गतिविधिहरु संचालन गर्न आवश्यक सर्वमान्य कार्य संचालन मापदण्ड तयार गरिने
- सबै बालबालिकाका लागि भय, विभेद, दुव्र्यवहारयुक्त सुरक्षित वातावरण निर्माण गर्न विद्यालय परिवारलाई भयमुक्त सुरक्षित विद्यालय सम्बन्धि तालिम संचालन गरिने

## २.८ अपेक्षित उपलब्धी

यस गाउँशिक्षा योजनाको कार्यालयसम्ममा निम्नानुसारको उपलब्धी हासिल हुनेछ:

- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर प्राप्त भएको हुनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरुले १ वर्षको गुणस्तरीय मापदण्ड सहितको शिक्षामा सहज पहुँच पुगेको हुनेछ।
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरु प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित १ कक्षामा प्रवेश गरेका हुनेछन्।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँचा, सहभागिता र गुणस्तरमा सुधार भएको हुनेछ।
- निशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच भाई सान्ससिकता बढ्ने र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ।
- माध्यामिक तहको शिक्षामा प्राविधिक र व्यावसायिक शिक्षा स्थापना भएको र समुदायको पहुँच अभिवृद्धि भएको हुनेछ साथै हावापानी र भुगोल अनुकूल सक्षम सीपयुक्त जनशक्ति उत्पादनको आधार तयार भएको हुनेछ
- शिक्षण सिकाइमा प्रभावकारीता ल्याउन योग्य, सक्षम, प्रतिवद्ध समर्पित, प्रेरणादायी र जवाफदेही शिक्षकहरुको व्यवस्था भएको हुनेछ
- बालबालिकाको चौतफी विकासात्मक र सिकाई आवश्यकता सम्बोधन हुने स्थानीय पाठ्यक्रम समायोजन भई स्थानीय पाठ्य सामाग्रीको उत्पादन, वितरण र प्रयोग भएको हुनेछ।
- शिक्षाबाट बञ्चित सबै उमेर समूहका व्यक्तिहरुलाई वा विचैमा पढाइ छाडेका अर्ध साक्षर र निरक्षर व्यक्तिहरुलाई साक्षरता शिक्षा, निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ
- सबै जात, धर्म, वर्ग, लिङ्ग, वर्ण र शारीरिक अवस्थाका बालबालिकाहरुकोलागि विद्यालय तहको शिक्षा समतामूलक र समावेशी भएको हुनेछ।

- शिक्षामा सकारात्मक अभिभावकत्व र सामुदायिक सचेतिकरण कार्यक्रमहरु संचालन भएको र समयमै विद्यालय भर्ना नहुने र बीचैमा कक्षा छाड्ने विद्यार्थी दर न्यूनीकरण भएको हुनेछ साथै विद्यार्थीहरुको नियमतिता र टिकाउ दरमा सुधार आएको हुनेछ ।
- विद्यालयमा सुशासन प्रवर्द्धन मे बालबालिकाहरुको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ
- विद्यालयमा सूचना तथा संचार प्रविधिको विस्तार मे सिकाइलाई प्रभावकारी गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग हुनेछ।
- सबै विद्यार्थीहरुको लागि सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको सुरक्षित विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुनेछ।
- आपतकालिन तथा संकटपूर्ण पारिस्थितिमा पनि बालबालिकाहरुले आफ्नो अध्ययनलाई निर्भिकताका साथ निरन्तरता दिइरहेका हुनेछन् ।

२.९ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

यस योजनाको मूख्य शैक्षिक सुचक र लक्ष्य निम्नानुसार निर्धारण गरिएको छः

| **क्र.सं.** | **शैक्षिक सूचक** | **राष्टिय आधार २०७७** | **गाउँपालिका आधार २०८०** | **गाउँपालिका लक्ष्य २०८६।८७** | **कैफियत** |
|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | |
| १.१ | खुद भर्ना दर % | ८६.४ | ७९.२ | ९० | |
| १.२ | ४ वर्षका बालबालिकाहरुको भर्ना अनुपात | ६७.२ | ६७.५ | ९० | |
| १.३ | कक्षा १ मा नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६८.७ | ८३.४ | १०० | |
| १.४ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | | १०० | १०० | |
| १.५ | तलिम प्राप्त शिक्षक प्रतिशत | | १०० | १०० | |
| **२. आधारभूत शिक्षा** | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेश दर % | १२१.९ | १०६.२ | १०१ | |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर % | ९६.८ | ९६.४ | ९९ | |
| २.३ | कक्षा १–५ मा कुल भर्ना दर% | ११९.३ | १२४.५ | ११४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.४ | कक्षा १–५ मा खुद भर्ना दर % | ९७.१ | ९७.२ | ९८२ | |
| २.५ | कक्षा १–८ मा कुल भर्ना दर% | ११०.४ | ११६.९ | १०५ | |
| २.६ | कक्षा १–८ मा खुद भर्ना दर % | ९३.८ | ९६.४ | ९८.०० | |
| २.७ | कक्षा १–८ को खुद भर्ना दरमा लैंगिक समता सूचकांक% | ०.९८ | ०.९८ | १ | |
| २.८ | कक्षा ८ मा टिकाउ दर % | ७९.३ | ६६.११ | ८३ | |
| २.९ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ७२.७ | ८६.५ | ९१ | |
| २.१० | ५–१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ६.२ | १.३४ | ०.० | |
| **३.माध्यामिक शिक्षा** | | | | | |
| ३.१ | कुल भर्ना दर कक्षा  ९–१०% | ९४. | ६८८.५ | ९५ | |
| ३.२ | खुद भर्ना दर कक्षा ९–१०% | ६८.७ | ६९.६ | ७९ | |
| ३.३ | कुल भर्ना दर कक्षा ९–१०% | ७१.४ | ८३.८ | ९३ | |
| ३.४ | कुल भर्ना दर कक्षा ९–१२% | ४७.६ | ६१.२ | ६६ | |
| ३.५ | कुल भर्ना दर कक्षा ११–१२% | ५१.५ | ७५.२ | ८६ | |
| ३.६ | ख्ुद भर्ना दर कक्षा ११–१२% | २५.८ | ४५.७ | ५५ | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर % | ६०.३ | ६२.८६ | ७० | |
| ३.८ | कक्षा १२ सम्मको टिकार दर % | २४.० | ३६.४६ | ५० | |
| ३.९ | कक्षा ११–१२ मा खुद भर्ना दरका आधारमा लैंगिक समता सूचकांक % | १.०१ | १.३२ | १.३२ | |
| **४. अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकार्य** | | | | | |
| ४.१ | कक्षा ११–१२ मा खुद भर्ना दरका आधारमा लैंगिक समता सूचकांक % | ७८ | ७७.७ | ८५ | |
| **५ महिला शिक्षक प्रतिशत** | | | | | |
| ५.१ | आधारभूत तह | ४३.७ | ५१.५ | ५५ | |
| ५.२ | माध्यामिक तह | २०.६ | २३.१ | ३० | |
| ६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गरेका विद्यालय प्रतिशत | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | | | | |
| ६.२ | आधारभूत विद्यालय | | | | |
| ६.३ | माध्यामिक विद्यालय | | | | |
| ७. बजेटमा शिक्षा क्षेत्रको बजेट प्रतिशत | | ११.६४ | ११.८७ | १९.५ | |

## परिच्छेद ३. विद्यालय शिक्षाका मूख्य क्षेत्रहरु

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जान प्रारम्भ गर्न लागेका शिशुहरुको सर्वागिण विकास अर्थात शारिरीक, मानसिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकासमा सहयोग गरी आधारभूत विद्यालय शिक्षाको लागि तयार गराउने कार्यक्रम हो। त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले शिशु कालमा लेखपढ गारउने वा अक्षर तथा अंक चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाकोलागि तयार गराउन सहयोग गर्नु पर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरु विभिन्न समयावधिमा संचालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालकाकालागि १ वर्षको प्रारम्भिक बालविवकास तथा शिक्षा कार्यक्रम संचालन गरिने कुरा निःशुल्क अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति र १५ औं योजनामा पनि सोहि व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एक वर्षे कार्यक्रम समावेश गरिएको छ।

### ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ। यसै कुरालाई मध्य नजर गरेर यस गाउँगाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ।

#### ३.१.१ वर्तमान अवस्था

मकवानपुरगढी गाउँगाउँपालिकामा हाल ४० वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। जसमा समुदायमा र विद्यालयमा आधारित बालविकास केन्द्रमा ३ र ४ बर्ष उमेर समूहका ८४३ बालबालिका अध्ययन गरिरहेका छन्। हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसार नभएको हुनाले तिनीहरूको सुधारका कार्यहरू गर्नु पर्ने आवश्यकता देखिन्छ। बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा

हुनुपर्नेमा सो नभई कुनै स्थानमा २ वा सो भन्दा बढी र कुनै स्थानमा एउटा पनि बालविकास केन्द्र नभएको अवस्था रहेको छ । भूगोल, जनसंख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजना, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ। यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु जरुरी छ। विगतको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको अनुभव बाट पाठ सिक्दै यस कार्यक्रमलाई विस्तार गर्न र सेवालाई सबै समुदाय र पछाडी परेका समुदायको पहुँचमा पुर्याउने आवश्यक छ । विगतको कमजोरी र सिकाईको आधारमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको उद्देश्य रणनीति कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ।

### ३.१.२ उद्देश्य

समग्र उद्देश्य प्रारम्भिक उमेर समूहका यस योजनाको प्रारम्भिक बालविकास तथा शिक्षाको बालवालिकाहरुको सर्वाङ्गिण विकास गरी गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ। यसकालागि निम्नानुसारको विशिष्ट उद्देश्यहरु तय गरिएको छः

- गर्भ देखि चार वर्ष उमेर समूहका बालबालिकालाई पोषण, सुरक्षा र विकासका लागि अभिभावक सहयोग र सचेत गराउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्न बालविकास केन्द्रहरूलाईप्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्डमा व्यवस्था भए अनुसारको गुणस्तर कायम गर्नु,
- आधारभूत तह कक्षा १ मा भर्ना हुनका लागि आवश्यक आधारभूत ज्ञान, सीप र व्यवहारको सिकाइसहित योग्य बनाउनु,

### ३.१.३ रणनीति

- बालविकास केन्द्रलाई राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार आवश्यक सेवा तथा सुविधा सहित विद्यालयको अभिन्न अंगको रुपमा विकास गरी सबै प्रारम्भिक बाल उमेरका शिशुहरुलाई बालमैत्री सिकाइको साथमा रम्दै, खेल्दै सिक्ने बालविकास केन्द्र व्यवस्थापन गर्ने।
- बालविकास केन्द्रको नक्साङ्कन, पुर्निवतरण गरी आवश्यकतानुसार थपघट वा विस्तार गर्ने।
- प्रारम्भिक बालविकास तथा शिक्षालाई प्रभावकारी बनाउन 'एक वडामा एक नमुना बालविकास केन्द्र कार्ययोजना' तयार गर्ने।
- अधारभूत तह कक्षा १ मा भर्ना हुन प्रारम्भिक बालविकास केन्द्रको अनुवभलाई अनिवार्य क्रमशः गर्दै लैजाने
- प्रारम्भिक बालविकास उमेर समूहका कुनै पनि बालबालिका प्रारम्भिक बालविकास तथा शिक्षाबाट बन्चित नरहेको सुनिश्चित गर्ने।
- गाउँपालिकाले मापदण्डमा आधारित बालविकास केन्द्रको सञ्चालनमा जोड दिने।

- बालविकास तथा शिक्षामा गुणस्तरीय सिकाइ कायम गर्न बाल विकास केन्द्र सहजकर्ताहरुलाई आवश्यक तालिम लगायत क्षमता विकास कार्यक्रम गर्ने।
- बालविकास केन्द्रहरुलाई अपाङ्गमैत्री तथा बालमैत्री बनाउनकोलागि आवश्यक प्रारम्भिक बालविकासतथा शिक्षा कार्यक्रमको विभिन्न नमूनाहरु विकास गरी सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्ने ।
- बालविकास केन्द्रकालागि पाठ्यक्रममा आधारित स्थानीय शैक्षिक सामग्री निर्माण तथा व्यवस्थापन गर्ने ।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिदको लागि अभिभावक, समुदाय विद्यालय एवं संघसंस्था लगायतका सरोकारवालाहरुलाई जिम्मेवार बनाउने

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क. प्रमुख उपलब्धी**

- सबै बालबालिकाकहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित भएको र उक्त तहको भर्ना दर शत प्रतिशत पुगेको हुने
- बालविकास केन्द्रका सहजकर्ताहरुले आवश्यक आधारभूत तालिम हासिल गरेको हुने

**ख. नतिजा**

- उमेर समूहका सबै बालबालिकाहरुलाई १ वर्षको गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर पाएका हुनेछन
- कक्षा १ मा भनाए भएका सबै बालबालिकाहरुले प्रारम्भिक बालविकास र शिषाको अनéव ◌्राप्त गरेका हुनेछन
- सबै बालविकास केन्द्रहरुको न्यूनतम मापदण्ड पूरा भएको हुनेछ ।

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.सं** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (वर्ष)** | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | भर्ना तथा अभिभावक सचेतना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड विकास परिमार्जन तथा प्रवोधीकरण | पटक | ० | १ | ० | १ | २ | २ | संघ र प्रदेश |
| ३ | नमुना बालकावि केन्द्र विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका संघ प्रदेश |
| ४ | बाल विकास कोन्द्र सहजकर्ताको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ५ | ३ ५ वर्ष समूहका बालबालिकालाई विकास केन्द्र पठाउन सामुदायिक सहजकर्ता। सस्थ्य स्वयम सेविकाहरुलाई तालिम | पटक | १ | ० | १ | ० | ० | २ | पालिका |
| ६ | बाल विका सकेन्द्रहरुमा मातृशिशुस्वास्थ्य परिक्षण र बाल विकास केन्द्रको महत्वबारे अभिमूखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका संघ प्रदेश |
| ७ | सबै बालविकास केन्दैमा खानेपानी, शौचालय, सिकाई सामग्री लगायत राष्ट्रयि न्यूनतम मापदण्डमा उल्लेखित सुविधा उपलब्ध गराउने | संख्या | ५ | १० | १० | १० | ५ | ४० | पालिका संघ प्रदेश |
| ८ | कक्षा कोठाको बसाई व्यवस्थापन कक्षागत सामग्री सहित सिकाई कुनाको व्यवस्था | केन्द् | ५ | १० | १० | १० | ५ | ४० | पालिका |

बजेट

| **क्र.सं** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (वर्ष)** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भर्ना तथा अभिभावक सचेतना अभियान | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड विकास परिमार्जन तथा प्रवोधीकरण | पटक | ० | १५० | ० | १५० | ० | ३०० | संघ र प्रदेश |
| ३ | नमुना बालकावि केन्द्र विकास | पटक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका संघ प्रदेश |
| ४ | बाल विकास कोन्द्र सहजकर्ताको क्षमता विकास | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | पालिका |
| ५ | ३ ५ वर्ष समूहका बालबालिकालाई विकास केन्द्र पठाउन सामुदायिक सहजकर्ता। सस्थ्य स्वयम सेविकाहरुलाई तालिम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| ६ | बाल विका सकेन्द्रहरुमा मातृशिशुस्वास्थ्य परिक्षण र बाल विकास केन्द्रको महत्वबारे अभिमूखिकरण | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | पालिका संघ प्रदेश |
| ७ | सबै बालविकास केन्दैमा खानेपानी, शौचालय, सिकाई सामग्री लगायत राष्ट्यि न्यूनतम मापदण्डमा उल्लेखित सुविधा उपलब्ध गराउने | पटक | २५० | ५०० | ५०० | ५०० | २५० | २००० | पालिका संघ प्रदेश |
| ८ | कक्षा कोठाको बसाई व्यवस्थापन कक्षागत सामग्री सहित सिकाई कुनाको व्यवस्था | संख्या | २५० | ५०० | ५०० | ५०० | २५० | २००० | पालिका |

## ३.२ आधारभूत शिक्षा

शिक्षाको आधार नै आधारभूत तह हुने भएकोले यसको वैज्ञानिक विकास हुन नितान्त आवश्यक छ। सफल मानव जीवनकालका लागि आवश्यक पर्ने आधारभूत ज्ञान, सीप, आर्जन गरी घरपरिवार तथा समुदायमा आफ्ना कुरा अभिव्यक्त गर्न र समाजमा समायोजन भई जीवनयापन गर्न सहज बनाउन मद्दत गर्ने शिक्षा नै आधारभूत शिक्षा हो। बालबालिकाको सर्वाङगीण विकासको दृष्टिको पनि आधारभूत शिक्षा व्यक्तिको जीवन र माथिल्लो तहको शिक्षाको महत्वर्पूण आधार हो। विद्यालय शिक्षाको पुनसंरचना गरेर कक्षा १–८ लाई आधारभूत शिक्षा र ९–१२ लाई माध्यामिक शिक्षामा रुपान्तरण भएपनि १–८ तहलाई वास्तवमा नै बालबालिकाको मस्तिष्कमा महत्वपूर्ण प्रभाव पार्ने सिकाई हुने तह मानिन्छ। नेपालको संविधानले आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ। त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ ले आधारभूत तहको शिक्षा प्रदानको व्यवस्थापन गर्न संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहको दायित्व हुने व्यवस्था गरेको छ।

### ३.२.१ वर्तमान अवस्था

नेपालको संविधानले तीन वटा सरकारको शिक्षा सम्बन्धिका अधिकारको व्यवस्था गरेको छ। संविधानको अनुसूची ८ मा स्थानीय आधारभूत तथा माध्यामिक शिक्षाका अधिकारलाई स्थानीय तहको अधिकार भित्र राखेको छ। यसैगरी संविधानको अनुसूची ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा पनि शिक्षा, खेलकुद शिक्षा सबै तहका सरकारहरुको साझा अधिकारको विषय भनि व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को जम्मा आधारभूत तथा माध्यामिक तहको २३ वटा अधिकार स्थानीय तहको अधिकारको व्यवस्था गरेको छ। गुणस्तरीय आधारभूत शिक्षाले बालबालिकाको बाल सुलभ मस्तिष्कमा गहिरो प्रभाव बनाउने हुँदा बालबालिकाहरुले आधारभूत शिक्षाको समयमा आफ्नो बानीको विकास गर्दछन् र उनीहरुको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडी बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनले देखाएको छ। पेशागत रूपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ। आधारभूत तहमा विभिन्न किसिमको समस्या देखिएको छ। जस्तै विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी तथा जबाफदेही बनाउनु, त्यस्तै अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयनमा समस्या दिखएको छ।

### ३.२.२ उद्देश्य

यस योजनाको आधारभूत शिक्षाको समय उद्देश्य आधारभूत शिक्षा उमेर समूहका बालबालिकाहरुको सर्वाङगिण विकास गरी समावेशीताको अवधारणामा गुणस्तरीय सिकाइ सुनिश्चित गर्नु रहेको छ। यसका लागि निम्नानुसारको विशिष्ट उद्देश्यहरु तय गरिएको छः

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा आधारभूत उमेर समूहका सबै बालबालिकाहरुको समतामूलक पहुँच सुनिश्चित गर्नु

- शिक्षाबाट बञ्चित सबै उमेर समूहका व्यक्तिहरुलाई जीवनोपयोगी शिक्षा हासिल गर्न अनौपचारिक शिषा मार्फत निरन्तर शिक्षा र जीवपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु
- सबै जात, धर्म, वर्ग, लिङ्ग, वर्ण, शारीरिक अवस्था। अपाङ्गता, आर्थिक अवस्था तथा भुगोलका बालबालिकाहरुका लागि विद्यालय तहको शिक्षामा समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्नु,
- शिक्षामा सकारात्मक अभिभाकत्व र सामुदायिक सचेतिकरण कार्यक्रमहरु मार्फत समयमै विद्यालय भर्ना नहने र बीचैमा कक्षा छाड्ने विद्यार्थी दरलाई न्यूनीकरण गर्दै विद्यार्थी नियमितता र टिकाउ दरमा सुधार गरी सिकार्य उपलब्धि दृद्धि गर्नु

**धारभूत शिक्षा अन्तर्गत निम्नानुसारको विशशिष्ट उद्देश्यहरु तय गरिएको छः**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी सबै बालवालिकाको आधारभूत शिक्षामा समतामूलक पहुँच तथा समावेशी सहभागिता सुनिश्चित गर्नु
- बालबालिकाहरुको टिकाउ दरमा वृद्धि गर्न आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाहरुको अधारभूत शिक्षा पूरा  गर्ने सुनिश्चित गर्नु
- आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाई उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्नु सिकाईलाई दैनिक जीवनसंग सम्बन्धित गराउनु

३.२.३ रणनीति

- विद्यालय छाड्ने र कक्षा दोहो¥याउने बालबालिकाहरुको अवस्था पहिचान गरी लक्षित कार्यक्रम संचालन गर्न अनौपचारिक शिक्षाको अवसरबाट बञ्चित वा विचैमा पढाई छाडेका व्यक्तिहरुलाई जीवनपर्यन्त सिकाईमा जोड दिने
- विद्यालय बाहिर रहेका बालबालिकाहरुको शिक्षामा सहभागिता गर्न वैकल्पिक शिक्षण सिकार्य कार्यक्रम संचालन गर्ने
- विद्यार्थीहरुको सिकाई सक्षमताको परीषण गरी सुधारमा क्षेत्र पहिचान गर्ने र अभिभावक परामर्श गर्ने
- अनिवार्य र निःशुल्क आधारभूत तह शिक्षाको अवधारणा लागु गर्ने
- आधारभू तहका बालबालिकाहरुको न्यूनतम सिकाई उपलब्धि हासिल गर्न शिक्षक, प्रधानाध्यापक, अभिभावक र अन्य सरोकारवालाहरुलाई जवाफदेही हुने प्रणालीको विकास गर्ने
- विद्यार्थी टिकाउ दर सुनिश्चित गर्न समता रणनीति लागु गर्ने, शैक्षिक सामग्री सहयोग तथा अन्य प्रोत्साहनका कार्यक्रम संचालन गर्ने
- विद्यालयमा स्वास्थ्य तथा पोषण सुधार गर्न स्थानीय स्वास्थ्य एकाई मार्फत स्वास्थ्य तथा पोषणसंग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गर्ने
- एक वडा एक नमुना आधारभूत विद्यालय अवधारणा कार्यान्वयन गर्ने

- स्थानीय पाठ्यक्रम निर्माण र एकीकृत पाठ्यक्रमप्रभावकारी कार्यान्वयन गर्न साथै शिक्षणमा स्थानीय शैक्षिक सामग्रीप्रयोग गर्न प्रोत्साहन गर्ने
- कक्षा १ देखि ५ सम्म बहुकक्षा बहुस्तर शिक्षण विधिबाट शिक्षण गर्ने

३.२.३ कार्यनीति

- विद्यालय छाड्ने र कक्षा दोहोयाउने बालबालिकाहरुको अवस्था पहिचानका लागि विद्यालयहरुसँग तथ्यांक संकलन गरिने
- विद्यालय बाहिर रहेका बालबालिकाहरुको शैक्षिक समावेशिताको लागि वैकलल्पिक शिक्षण सिकाइको model तयार गरी कार्यान्वयन गरिने
- विद्यार्थीहरुको सिकाई उन्नतीबारे नियमित अभिभावक भेला गरी पशामर्श गरिने
- अनिवार्य र निःशुल्क आधारभूत तह सुनिश्चित गर्न आवश्यक सबै साधन श्रोत र शिक्षक तथा नीतिगत व्यवस्थापन गरिने
- शिक्षक र प्रधानाध्यापकहरुसँग गाउँपालिकाले बालबालिकाहरुको न्यूनतम सिकाई उपलब्धि सुनिश्चित गर्न सम्झौता गरिने
- विद्यालय विद्यार्थी टिकाइ राख्न दिवा खाजा, छात्रवृत्ति नियमित स्वास्थ्य परिक्षण, आकर्षक अतिरिक्त क्रियाकलाप जस्ता प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिने
- शिक्षकलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधिमा आधारित सुरक्षित भौतिक पूर्वाधार सहितको नमुना आधारभूत विद्यालय स्थापना गरिने
- विद्यालयमा स्वास्थ्य तथा पोषण सुधार गर्न स्थानीय स्वास्थ्य एकाइका कर्मचारीहरुलाई नियमित विद्यालयमा भ्रमण गराउने
- गाउँपालिका स्तरमा विज्ञ समूह तयार गरी पाठ्यक्रम निर्माण गरिने
- स्थानीय पाठ्यक्रम निर्माणका लागि स्थानी शैक्षिक सामग्रीहरुको पहिचान गरी लिस्ट तयार पार्ने
- बहुकक्षा बहुस्तर शिक्षण विधि प्रयोग गर्न विद्यालयहरुको छनौट गरिने

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ
- बालबालिकाको सिकाई उपलब्धिमा वृद्धि हुने
- बालबालिकाहरुको टिकाउ दरमा वृद्धि हुने

ख) नतिजा

- आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाले आधारभूत शिक्षामा समतामूलक र समावेशी पहुच पाएको हुनेछ
- आधारभूत तह पूरा गर्ने बालबालिकाहरुको न्यूनतम सिकाई उपलब्धि हासिल गरेको हुनेछ।

### ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.सं** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (वर्ष)** | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | भर्ना तथा अभिभावक सचेतना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विव्यस तथा अभिभावक अभिमूखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | अभिभावक शिक्षा कार्यक्रम | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | १३५ | विद्यालय |
| ४ | हरित विद्यालय प्रवद्र्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ५ | विदालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षा कोठा फर्निचर, शौचालय खानेपानी, खेल मैदान घेराबारा र खाजा घर) | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/प्रदेश |
| ६ | विज्ञ समूह मार्फत स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग | नियमित | १ | ० | १ | ० | ० | २ | पालिका |
| ७ | पुस्तकालय, पूतक कुना, विज्ञान तथा सूचना प्रविधि प्रशोगशालाको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | संघ/प्रदेश |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ६-८ कक्षा समूहका बालबालिकाहरुलाई जीवनोपयोगी सीप शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ९ | अतिरिक्त कृयाकलाप (विद्यार्थी शिक्षक र अभिभावक) | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १० | शैशिक सामग्री प्रदर्शनी अवलोकन भ्रमण कार्यशाला आदी | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ११ | लिडर विद्यालयबाट फिडर विद्यालयको शैक्षिक सुधार सहयोग र सहजिकरण | पटक | २ | २ | २ | २ | २ | १० | पालिका |
| १२ | सिकाई आपुरणका लागि उपचारात्मक कक्षा स.चालन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/संघ |
| १३ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| १४ | सुझाव पेटिका स्थापना र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |

बजेट

| **क्र.सं** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (वर्ष)** | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | ते्स्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | भर्ना तथा अभिभावक सचेतना अभियान | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| २ | विव्यस तथा अभिभावक अभिमूखिकरण | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| ३ | अभिभावक शिक्षा कार्यक्रम | विद्यालय | १५० | १५० | १५० | १५० | १५० | ७५० | पालिका/विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | हरित विद्यालय प्रवद्र्धन कार्यक्रम | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | पालिका/प्रदेश |
| ५ | विदालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षा कोठा फर्निचर, शौचालय खानेपानी, खेल मैदान घेराबारा र खाजा घर) | पटक | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | पालिका/संघ/प्रदेश |
| ६ | विज्ञ समूह मार्फत स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग | नियमित | २५० | ० | २५० | ० | ० | ५०० | पालिका |
| ७ | पुस्तकालय, पूतक कुना, विज्ञान तथा सूचना प्रविधि प्रशोगशालाको व्यवस्था | पटक | १३०० | १३०० | १३०० | १३०० | १३०० | ६५०० | संघ/प्रदेश |
| ८ | ६-८ कक्षा समूहका बालबालिकाहरुलाई जीवनोपयोगी सीप शिक्षा | पटक | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | पालिका |
| ९ | अतिरिक्त कृयाकलाप (विद्यार्थी शिक्षक र अभिभावक) | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | पालिका |
| १० | शैशिक सामग्री प्रदर्शनी अवलोकन भ्रमण कार्यशाला आदी | पटक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका |
| ११ | लिडर विद्यालयबाट फिडर विद्यालयको | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शैक्षिक सुधार सहयोग र सहजिकरण | | | | | | | | |
| १२ | सिकाई आपुरणका लागि उपचारात्मक कक्षा स.चालन | पटक | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | पालिका/संघ |
| १३ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन | पटक | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | विद्यालय |
| १४ | सुझाव पेटिका स्थापना र कार्यान्वयन | पटक | | | | | | | विद्यालय |

## ३.३ माध्यमिक शिक्षा

अनिवार्य आधारभूत शिक्षा प्राप्त गरि सके पछि र क्षमता अनुसार माध्यामिक तहमा प्राविधिक वा साधारण धारको शिक्षाको अवसर सबै योग्य बालबालिकालाई उपलब्ध हुनु पर्दछ। माध्यामिक शिक्षाले माध्यामिक तहका विद्यार्थीलाई आत्मविश्वास, नैतिकवान, चरित्रवान, इमान्दारीता, लोकतान्त्रिक आचरण भएका राष्ट्रिय एकताको भाव बहुसाँस्कृतिक मुल्य मान्यता, विविधता राष्ट्रिय आर्दश बन्न सक्ने शक्ति मानव अधिकार, दिगो विकास, पर्यावरणीय सन्तुलन द्वन्द्व व्यवस्थापन प्रति सचेत र जिम्मेवार सबै प्रकारका पेशाा प्रति सम्मान गर्न सक्ने सीपयुक्त ज्ञान र प्रविधिले युक्त राष्ट्रिय अन्तराष्ट्रि स्तरमा प्रतिस्पर्धा गर्न सक्ने व्यक्तिगत र राष्ट्रिय रुपमा आइपर्ने समस्याहरुसँग जुध्न सक्ने, अरुको विचार र भावनाको सम्मान एवं कदर गर्न सक्ने, सकारात्मक सोच, सृजनशील नागरिक तयार पार्ने उद्देश्य राखेको छ।

### ३.३.१ वर्तमान अवस्था

यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यवहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितिय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यवसायिक सिप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यामिक तहको शिक्षाले गर्नु पर्दछ। प्राविधिक र व्यावसायिक शिक्षाको धारमा जानका लागि विद्यार्थीहरुलाई कक्षा ६ देखि ८ सम्म पढाइ हुने पैसा, व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान सीपले पनि सजिलो बनाउन सक्दछ। यसरी विद्यार्थीहरुलाई प्राविधिक वा साधारण धार छनौट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नु पर्दछ। यिनै कुराहरुलाई ध्यानमा राखेर यस गाउँपालिकाले माध्यामिक तहको शिक्षा सम्बन्धमा निम्नानुसारको योजना तय गरेको छ।

### ३.३.२ उद्देश्य

उल्लेखित निम्न मूख्य उद्देश्यहरु हासिल गर्न यस माध्यामिक शिक्षाका उद्देश्यहरुले सहयोग गर्दछः

- माध्यामिक तहको शिक्षामा गुणस्तर र सान्दर्भिकता कायम गर्दै सबै बालबालिकाको उमेरगत पहुँच तथा सहभागिताको अवसर अभिवृद्धी गर्नु
- माध्यामिक तहको शिक्षाबाट दक्ष एवं स्वरोजगार जनशक्ति उत्पादन गर्न हावापानी र भुगोल अनुकूल तथा समुदायको माग अनुसारको प्राविधिक र व्यवसायिक शिक्षा स्थापनालाई प्राथमिकता दिनु र उक्त शिक्षामा समुदायको पहुँच अभिवृद्धी गर्नु
- शिक्षाबाट बञ्चित सबै उमेर समूहका व्यक्तिहरुलाई जीवनोपयोगी शिक्षा हासिल गर्न अनौपचारिक शिक्षा मार्फत निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु
- शिक्षामा सकारात्मक अभिभावकत्व र सामुदायिक सचेतिकरण कार्यक्रमहरु मार्फत समयमै विद्यालय भर्ना नहुने र बीचैमा कक्षा छाड्ने विद्यार्थी दरलाई न्यूनीकरण गर्दै विद्यार्थी नियमितता र टिकाउ दरमा सुधार गरी सिकाइ उपलब्धि वृद्धि गर्नु

**माध्यामिक शिक्षाका विशिष्ट उद्देश्यहरुः**

- आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई गुणस्तरीय र समय सापेक्ष माध्यामिक शिक्षामा सहज पहुँच गराई प्रतिस्पर्धी, सक्षम, नैतिकवान र व्यवहारिक जनशक्ति तयार गर्नु
- विद्यालयको शासकीय र व्यवस्थापकीय पक्षको सुधार गर्दै माध्यामिक शिक्षा बाहिर रहेका सबैको पहुँच विस्तार गरी गुणस्तरीय शिक्षाको अवसर उपलब्ध गराउनु र माध्यामिक शिक्षाको खुद भर्ना दर र टिकाउ दरमा वृद्धि सुनिश्चित गर्नु
- माध्यामिक तह शिक्षालाई प्राविधिक वैज्ञानिक, सान्दर्भिक, जीवनोपयोगी, स्वरोजगारमूलक र जीविकोपाजर्न लक्षित बनाउँदै विभिन्न अधारभूत सीप हासिल गर्न सहयोगी बनाउने,
- उच्च शिक्षा अध्ययन र अनुसन्धानकाल ाग योग्य जनशक्ति तयार बनाउनु

### ३.३.३ रणनीति

- सिकाई उपलब्धि कमजोर भएका विदार्थीहरुको अवस्था पहिचान गरी लक्षित कार्यक्रम संचालन गर्ने
- विद्यालय बाहिर रहेका बालबालिकाहरुको शिक्षामा सहभागिता गर्न विद्यार्थी सहायता तथा वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम संचालन गर्ने
- विद्यार्थीहरुको सिकाई सक्षमताको परीषण गरी सुधारमा क्षेत्र पहिचान गर्ने र नियमित अभिभावक परामर्श गर्ने । साथै अनिवार्य माध्यामिक तह शिक्षाको सान्दर्भिकता कायम गर्न शिक्षाको महत्व, बाल रुची अनुसार प्राविधिक तथा व्यवासायिक शिक्षामा सहभागिता, सिकाईमैत्री र बालमैत्री वातावरण, बाल मनोविज्ञान तथा शिक्षाको उत्तरदायित्व र मर्यादित व्यवहार जस्ता पक्षहरु समेटेर अभिभावक सचेतना अभियान संचालन गर्ने
- माध्यामिक तहका बालबालिकाहरुको न्यूनतम सिकाई उपलब्धि हासिल गर्न शिक्षक, प्राधानाध्यापक, अभिभावक र अन्य सरोकारवालाहरुलाई जवाफदेही हुने प्रणालीको विकास गर्ने

- विद्यायमा स्वास्थ्य तथा पोषण सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत स्वास्थ्य तथा पोषणसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गर्ने
- अभिभावक विहिन र जोखिम अवस्थामा रऔका बालबालिका लागायत विशेष बालकालिहरु र दुर्गम क्षेत्रका बालबालिकाहरुका लागि आवाशिय सुविधिा सहितको विद्यालय संचालन गर्ने
- आवश्यकता र क्षमता तथा चाहनाको आधारमा विदालय भौतिक पूर्वाधार सहितको नमुना विदालयको रुपमा स्तरोन्नती गर्ने
- प्रतिस्पर्धी क्षमता विकासका लागि समय समयमा विद्यार्थीहरु बिच गुणस्तरमा आधारित प्रतिस्पर्धात्मक कार्यक्रमहरु आयोजना गर्ने
- मौजुदा कानून र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको स्थापना समायोजन र पूर्नवितरण गरी समुदायको पहुँच र सहभागिता अभिवृद्धि गर्ने
- प्राविधिक शिक्षामा सहज पहुँच विस्तार गर्न विद्यालयहरुको नक्साडकनका आधारमा प्राविधिक धारको कार्यक्रम संचालन गर्ने र सो को आधारमा संचालनमा रहेको प्राविधिक विद्यालयको स्नरोन्नती गर्ने। साथै साझेदारी मोडेलमा थप प्राविधिक। व्यावसायिक धारका विद्यार्थीहरु संचालन गरी विद्यालय शिक्षा बाहिर रहेका व्यक्तिहरुलाई आकर्षण गर्ने
- माध्यामिक शिक्षा (साधरण, व्यावसायिक तथा प्राविधिक) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ र प्रदेश सरकारको संयुक्त कार्यढाँचा अनुसार माध्यामिक विद्यालयको क्षमता सुधार गर्ने
- अध्ययनलाई उत्पादनसँग जोडन प्राविधिक शिक्षामा कमाउँदै पढ्दै अवधारणा लागू गर्ने। साथै नवीनतम सीप र ज्ञानलाई आधुनिक प्रविधिसँग जोड्ने
- शिक्षक र विद्यार्थीहरुलाई नयाँ नयाँ सोच र खोजका लागि अभिप्ररित गराई विभिन्न खोजमूलक कार्य र प्रयोगात्मक अभ्यासमा लगाउने।
- कक्षाकोठामा आधारित र आवधिक मूल्यांकनलाई बढि जोड दिने
- विद्यार्थी टिकाउ दर सुनिश्चित गर्न समता रणनीति लागू गर्ने, शैक्षिक सामग्री सहयोग तथा अन्य प्रोत्साहनका कार्यक्रम संचालन गर्ने
- उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यार्थी, शिक्षक तथा अभिभावक प्रोत्साहन कार्यक्रम सञ्चालनमा ल्याउने
- एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने साथै शिक्षँणमा स्थानीय शैशिक्षक सामग्रीको प्रयोग गर्न प्रोत्साहन गर्ने

**३.३.४ कार्यनीति**

- अनिवार्य माध्यामिक तह शिक्षाको सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षाको महत्व, बाल रुची अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षामा सहभागिता, सिकाईमैत्री र बालमैत्री वातावरण, बाल मनोविज्ञान तथा शिक्षकको उत्तरदायित्व र मर्यादित व्यवहार जस्ता पक्षहरु समेटेर अभिभावक सचेतना अभियान संचालन गरिने

- विद्यार्थीहरुको मनोबल बढाउन, पढाइमा ध्यान केन्द्रित गर्न विद्यार्थी जीवनमा देख पर्ने शैशिक समस्या समाधान गर्न र शिक्षाको महत्वबारे विद्यार्थी मनोपरामर्श कार्यक्रम संचालन गरिने
- विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाड्ने समस्या समाधान गर्न छात्रवृत्ति नियमित स्वास्थ्य परिक्षण, आकर्षक अतिरिक्त क्रियाकलाप जस्ता प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिने
- प्राविधिक शिक्षामा कमाउँदै पढ्दै अवधारणा, खोजमूलक कार्य तथा नवीनतम सीप र ज्ञानलाई व्यवहारसँग जोड्न शैक्षिक प्रदर्शनीहरु ऋायोजना गरिने
- प्राविधिक र व्यावसायिक शिक्षा धार संचालन भइरहेको र संचालन हुने विद्यालयमा उपयुक्त प्रयोगशाला सामग्री र कक्षा व्यवस्थापनको लागि संघीय र प्रदेश सरकारसँग सहकार्य गरिने
- अध्ययनलाई उत्पादनसँग जोड्दै दक्ष, उत्पादनशील एवं स्वारोजगार जनशक्ति उत्पादन गर्न प्राविधिक धारका सीपमूलक विदालयहरुलाई भौगोलिक अवस्था र सम्भाव्यताको आधारमा संचालन ।स्तरोन्नती गरिने
- गरीव र पिछडिएका वर्गका र जहेन्दार विद्यार्थीहरुलाई प्राविधिक र व्यवसायिक शिक्षामा जोडेर कमाउँदै बढ्दै अवधारणा लागू गरिने
- अति विपन्न र पिछडिएका वर्गका विद्यार्थी विशेषलाई आवश्यक शैक्षिक सहयोग र पढ्दै र कमाउँदै कार्यक्रममा जोडिन सहयोग तथा अभिभावकहरुलाई पनि प्रोत्साहन गरिने
- उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यार्थी, उत्कृष्ट शिक्षक तथा अभिभावक प्रोत्साहन कार्यक्रम वर्षमा कम्तिमा एक पटक संचालन गरिने
- शिक्षालाई प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधिमा आधारित सुरक्षित भौतिक पूर्वाधार सहितको नमुना माध्यामिक विद्यालय स्थापना गरिने
- विद्यालयमा स्वास्थ्य तथा पोषण सुधार गर्न गाउँपालिकाको स्वास्थ्य एकाइ मार्फत स्वास्थ्य तथा पोषणसँग सम्बन्धित अनुशिक्षण कार्यक्रमहरु विद्यालयहरुसँगको समन्वयमा हरेक शुक्रबार संचालन गरिने
- सम्पूर्ण विद्यालयहरुमा पुस्तकालय, प्रयोगशाला र कम्प्यूटर ल्याव अनिवार्य व्यवस्था गरिने
- लक्षित विदार्थीहरुको लागि हरेक वडामा एक वडा आवासिय विद्यालय निर्माण गरिने
- लक्षित विद्यार्थीहरुको लागि हरेक वडामा एक वडा आवासिय विद्यालय निर्माण गरिने
- गाउँपालिकाबाट प्राविधिक एवं व्यवावसायिक उच्च शिक्षाको लागि छात्रवृत्ति पाएका विद्यार्थीहरुको नामावली तयार गरिने र निश्चित तोकिएको आवधिका लागि रोजगारीप्को अवसर प्रदान गरिने

### ३.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धी**

**क। उपलब्धि**

- माध्यामिक शिक्षाको साधारण र प्राविधिक धारमा सबैको पहुँच सुनिश्चित भइ सामयानुकूल व्यावहारिक जीवनोपयोगी शिक्षााको प्राप्ती, सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुनेछ

**ख। नतिजा**

- सबै बालबालिकाहरुलाई माध्यामिक तहको शिक्षाको पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा दृद्धि भएको हुनेछ
- सबै माध्यामिक विद्यालयहरुले आधारभूत मापदण्ड पूरा गरेका हुनेछन
- माध्यामिक शिक्षा पूरा गर्ने बालबालिकाहरुले न्यूनतम सिकाई उपलब्धि हासिल गरेका हुनेछन्
- विद्यार्थीको रुची अनुसार प्राविधिक तथा व्यावसायिक सीपमा पहुँच भई स्वरोजगारको अवसर प्राप्त हुनेछ।

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र. सं** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (वर्ष)** | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | भर्ना तथा अभिभावक सचेतना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| २ | शैक्षिक सामग्री प्रदर्शनी, अवलोकन भ्रमण कार्यशाला आदी | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ३ | विव्यस तथा अभिभावक अभिमूखिकरण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ४ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १० | १० | १० | १० | १० | ५० | विद्यालय |
| ५ | अतिरिक्त कृयाकलाप (विद्यार्थी, शिक्षक र अभिभावक) | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षा कोठा फर्निचर शौचालय खानेपानी खेलमैदान घराबारा र खाजा घर) | नियमित | १ | १ | १ | १ | १ | ५ | पालिका/ संघ/प्रदेश |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | हरित विद्यालय कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका / विद्यालय |
| ८ | सीपमूलक प्राविधिक विद्यालय संचालन। स्तरोन्नती गर्न सहयोग। अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/ संघ/प्रदेश |
| ९ | प्रयोगशाला ict lab र पुस्तकालय स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | संघ/प्रदेश |
| १० | गुणस्तर अभिवृद्धिका लागि अनुगमन, सुपरिवेक्षण र शिक्षक सहयोग | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | पालिका |
| ११ | सुझाव पेटिकाको स्थापना र प्रभावकारी कार्यान्वयन | पटक | १ | ० | ० | ० | ० | १ | विद्यालय |
| १२ | शैक्षिक सुशासन कायम गर्न सरोकारवालासँग अन्तरक्रिया | पटक | २ | २ | २ | २ | २ | १० | पालिका/ विद्यालय |
| १३ | विदालयको कार्य सम्पादन परीक्षण र आवधिक तथा प्रयोगात्मक सहित नियमित विद्यार्थी मूल्यांकन प्रणाली व्यवस्थापन संचालन | पटक | २ | २ | २ | २ | २ | १० | पालिका |
| १४ | किशोरकिशोरीहरुलाई जीवनोपयोगी सीप। शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १५ | लक्षित विद्यार्थीलाई आवसिय प्रवन्ध (प्रत्येक वडामा १ आवाशिय विद्यालय) | वटा | १ | २ | २ | २ | १ | ८ | पालिका/ संघ/प्रदेश |
| १६ | बाल समूहहरु गठन, क्षमता विकास र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/ विद्यालय |
| १७ | प्रतिस्पर्धी क्षमता विकास लागि गुणस्तरमा आधारित प्रतिस्पर्धात्मक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १८ | लिडर विद्यालयबाट फिडर विद्यालयको शैक्षिक सुधार सहयोग र सहजिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | विद्यार्थीहरुको मनोबल बढाउन विद्यार्थी मनोमशामर्श कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| २० | १ वडा १ नमुना विद्यालय कार्यक्रम | संख्या | १ | २ | २ | २ | १ | ८ | पालिका |
| २१ | अध्ययनलाई उत्पादनसँग जोड्न प्राविधिक शिक्षामा कमाउँदै पढ्दै अवधारणा कार्यान्वयन | संख्या | १ | १ | १ | १ | १ | ५ | पालिका, कृषि शाखा |
| २२ | उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यार्थी, शिक्षक तथा अभिभावक प्रोत्साहन कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | पालिका |
| २३ | परियोजना कार्य (शिक्षक र विद्यार्थीहरुलाई नयाँ सोच र खोजका लागि अभिप्रेरित गराई विभिन्न खोजमूलक कार्य र प्रयोगात्पक अभ्यास) | विद्याल य | १ | १ | १ | १ | १ | ५ | विद्लय |

बजेट

| क्र. सं | प्रमुख क्रियाकलाप | इकाइ | **भौतिक लक्ष्य (वर्ष)** | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | भर्ना तथा अभिभावक सचेतना अभियान | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| २ | शैक्षिक सामग्री प्रदर्शनी, अवलोकन भ्रमण कार्यशाला आदी | पटक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका |
| ३ | विव्यस तथा अभिभावक अभिमूखिकरण | विद्याल य | १०० | १०० | १०० | १०० | १०० | ५०० | विद्यालय |
| ४ | अभिभावक शिक्षा कार्यक्रम | पटक | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | अतिरिक्त कृयाकलाप (विद्यार्थी, शिक्षक र अभिभावक) | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | विद्यालय |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षा कोठा फर्निचर शौचालय खानेपानी खेलमैदान घराबारा र खाजा घर) | नियमित | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५००००० | पालिका/ संघ/प्रदेश |
| ७ | हरित विद्यालय कार्यक्रम | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | पालिका / विद्यालय |
| ८ | सीपमूलक प्राविधिक विद्यालय संचालन। स्तरोन्नती गर्न सहयोग। अनुदान | पटक | ३०० | ०० | ०० | ०० | ०० | १५०० | पालिका /संघ/प्रदेश |
| ९ | प्रयोगशाला ict lab र पुस्तकालय स्थापना | पटक | १३०० | १३०० | १३०० | १३०० | १३०० | ६५०० | संघ/प्रदेश |
| १० | गुणस्तर अभिवृद्धिका लागि अनुगमन, सुपरिवेक्षण र शिक्षक सहयोग | पटक | २५ | २५ | २५ | २५ | २५ | १२५ | पालिका |
| ११ | सुझाव पेटिकाको स्थापना र प्रभावकारी कार्यान्वयन | पटक | ० | ० | ० | ० | ० | ० | विद्यालय |
| १२ | शैक्षिक सुशासन कायम गर्न सरोकारवालासँग अन्तरक्रिया | पटक | ६० | ६० | ६० | ६० | ६० | ३०० | पालिका/ विद्यालय |
| १३ | विदालयको कार्य सम्पादन परीक्षण र आवधिक तथा प्रयोगात्मक सहित नियमित विद्यार्थी मूल्यांकन प्रणाली व्यवस्थापन संचालन | पटक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका |
| १४ | किशोरकिशोरीहरुलाई जीवनोपयोगी सीप। शिक्षा | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | पालिका |
| १५ | लक्षित विद्यार्थीलाई आवसिय प्रवन्ध (प्रत्येक वडामा १ आवाशिय विद्यालय) | वटा | ५०० | १००० | १००० | १००० | ५०० | ४५०० | पालिका/ संघ/प्रदेश |
| १६ | बाल समूहहरु गठन, क्षमता विकास र परिचालन | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका/ विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | प्रतिस्पर्धी क्षमता विकास लागि गुणस्तरमा आधारित प्रतिस्पर्धात्मक कार्यक्रम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| १८ | लिडर विद्यालयबाट फिडर विद्यालयको शैक्षिक सुधार सहयोग र सहजिकरण | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| १९ | विद्यार्थीहरुको मनोबल बढाउन विद्यार्थी मनोमशामर्श कार्यक्रम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| २० | १ वडा १ नमुना विद्यालय कार्यक्रम | संख्या | ५०० | १००० | १००० | १००० | ५०० | ४००० | पालिका |
| २१ | अध्ययनलाई उत्पादनसँग जोड्न प्राविधिक शिक्षामा कमाउँदै पढ्दै अवधारणा कार्यान्वयन | संख्या | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | पालिका, कृषि शाखा |
| २२ | उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यार्थी, शिक्षक तथा अभिभावक प्रोत्साहन कार्यक्रम | संख्या | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका |
| २३ | परियोजना कार्य (शिक्षक र विद्यार्थीहरुलाई नयाँ सोच र खोजका लागि अभिप्रेरित गराई विभिन्न खोजमूलक कार्य र प्रयोगात्पक अभ्यास) | विद्यालय | ० | ० | ० | ० | ० | ० | विद्लय |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तथा तालिम

विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बीच सन्तुलनको आवश्यकता पर्दछ । सुरुवातीका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएता पनि विस्तारै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । सीपयुक्त जनशक्ति मार्फत एकातिर राष्ट्रको विकास सम्भव छ भने अर्कोतिर रोजगारी, स्वरोजगारी र आयआर्जनका दृष्टीले समेत प्राविधिक जनशक्तिको भूमिका अग्र स्थानमा देखिन्छ। आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने, सीपको स्तरनिर्धारण एवं प्रमाणीकरण गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (training) प्रदायक निकायहरुसँग समन्वय गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरुको बिस्तार गर्ने मूल उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त निकायको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना भएको हो ।

### ३.४.१ वर्तमान अवस्था

विद्यालय तहको शैक्षिक कार्यक्रम अन्तरगत १ विद्यालयमा कक्षा ९ देखि १२ प्राविधिक धारको विद्यालय सञ्चालन भइरहेको छ ।

समस्था र चुनौतीहरू

१. प्राविधिक शिक्षा तर्फ अभिभावकको चासो भएता पनि विद्यार्थीमा रुचि, क्षमता नहुनाले quota पूरा हुन नसक्नु ।
२. कक्षा ९-१२ मा कठिन पाठ्यक्रम भएकोले मध्ययम तथा सामान्य सिकाइ क्षमता भएका बालबालिकाहरु भर्ना हुन कठिन भएको
३. दक्ष प्रशिक्षकहरुको अभावमा अपेक्षित उपलिब्ध हासिल गर्न कठिन
४. सरकारले निर्धारण गरेको तलब भत्तामा प्रशिक्षक उपलब्ध नहुनु
५. प्राविधिक शिक्षा बढी प्रयोगात्मक क्रियाकलापमुखी हुनु पर्नेमा सैद्धान्तिक भएको ।
६. दीर्घकालिन सञ्चालन (व्यवस्थापन)का लागि आर्थिक सुनिश्चितता नहुनु ।
७. साधारण शिक्षा भन्दा प्राविधिक शिक्षा मँहगो भएकाले सबैको पँहुच नपुग्नु

### ३.४.२ उद्देश्य

१. प्राविधिक तथा व्यवसायिक सीप विकासमा पहुँच अभिवृद्धि गर्नु ।
२. प्राविधिक तथा व्यवसायिक सीप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्नु ।
३. प्राविधिक तथा व्यवसायिक सीप विकासका अवसरलाई सान्दर्भिक र गुणस्तरीय वनाउनु ।
४. प्राविधिक तथा व्यवसायिक शिक्षा प्रति अभिभावक सचेतना जगाई न्यूनतम लगानीको वातावरण तयार गर्नु
५. पढ्दै कमाउदै कार्यक्रम एवम् विद्यालय आय आर्जन कार्यक्रमको माध्यमवाट विद्यार्थीको सिकाई आवश्यकता सम्वोधन गर्नु ।
६. एक गाउँपालिका , एक प्राविधिक विद्यालय कार्यक्रम सञ्चालन गर्नु ।

### ३.४.३ रणनीति

७. स्थानीय तहमा प्राविधिक र व्यवसायिक शिक्षाको अध्ययनको अवसर सिर्जना गर्ने ।
८. स्वरोजगार एवम् आयआर्जनका केन्द्रित कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर हुन संस्थागत क्षमता वृद्धि गर्ने
९. एक गाउँपालिका एक प्राविधिक विद्यालयको कार्यक्रम कार्यान्वयन गर्ने ।
१०.प्राविधिकधार तर्फको शैक्षिक कार्यक्रमको लागि विद्यालयले प्रस्तावना पत्र र गाउँपालिकाको सिफारिश सहित माग गर्ने ।
११.वडास्तरमा लिडर र फिडर विद्यालयको रुपमा कलष्टर वनाई पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गर्ने ।
१२.प्रत्येक वडाका विद्यालयहरुमा वुक फ्रि डे कार्यक्रम सञ्चालन गर्ने ।
१३.प्रत्येक वडामा एक विद्यालय एक करेशावारी अभियान सञ्चालन गर्ने ।

१४.प्रत्येक वडामा एक विद्यालय एक फूलवारी अभियान सञ्चालन गर्ने ।

१५.पढ्दै कमाउदै कार्यक्रमका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

१६.विद्यालय आय आर्जन कार्यक्रमका लागि विद्यालयलाई (विउपूंजी) अनुदान उपलब्ध गर्ने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

क प्रमुख उपलब्धि

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम मार्फत सीपयुक्त जनशक्तिको उत्पादन भई उत्पादन, उत्पादकत्व, रोजगारी तथा स्वोरोजगारी मार्फत जीवनस्तरमा सुधार हुने ।

१. विद्यार्थीहरुमा रोजगारी , उद्यमशीलता एवम् स्वरोजगार र जिविकोपार्जनका अवसरमा वृद्धि हुनेछ ।

२. विद्यार्थीहरुमा गरि खाने शिक्षा सहित जीवनपयोगी सिप एवम् व्यवहार कुशलसिप हासिल भएको हुनेछ ।

३. विद्यार्थी एवम घर परिवारका सदस्यको जीवनस्तरमा सुधार हुनेछ ।

४. स्थानीय तहमा भएका रैथाने एवम् परम्परागत सीपको पहिचान र प्रमाणीकरण हुनेछ ।

ख नतिजा

१. थप बहुप्राविधक शिक्षालय÷प्राविधक धारका माध्यमिक विद्यालयहरूको सञ्चालन हुने

२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने

४. परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवद्र्धन हुने

५. वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग हुने वातावरण सृजना हुने

६. खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने

७. उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविको पार्जनका अवसरमा वृद्धि हुने

८. आफ्नै घर आंगनमा प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको अवसर प्राप्त हुनेछ ।

९. पढ्दै कमाउदै कार्यक्रमवाट विद्यार्थीको सिकाई सामग्रीको खांचो पुरा हुनेछ ।

१०.पढ्दै कमाउदै कार्यक्रमवाट आम्दानी र खर्चको आधारमा वचत गर्ने वानीको विकास हुनेछ ।

११.घरपरिवारमा भएको उपजको लागि आफ्नै विद्यालय वजार भई घरायसी दैनिक समस्याको समाधान हुनेछ ।

१२.प्रत्येक माध्यमिक विद्यालयमा करेशावारी तयार भएको हुनेछ ।

१३.पढ्दै कमाउदै कार्यक्रमको लागि गाउँपालिकास्तरमा एक प्राविधिक सहजीकरण समिति गठन हुनेछ ।

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्राविधिक तथा व्यवसायिक शिक्षा : प्रस्तावित कार्यक्रम तथा वजेट (२०८१।८२ - २०८५।८६ ) |
| --- |

| क्र स | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | ईकाई | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | ५ वर्षको लक्ष्य | वजेट रु०० ० | जिम्मेवारी र स्रोत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पढ्दै कमाउदै कार्यक्रमका लागि एक विद्यालय एक करेशावारी कार्यक्रम (विद्यालयस्तर ) | विद्यालय/ बार्षिक | | | | | | | | | |
| २ | पढ्दै कमाउदै कार्यक्रमका लागि एक विद्यालय एक फूलवारी कार्यक्रम - विद्यालयस्तर | विद्यालय/ बार्षिक | | | | | | | | | |
| ३ | पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयनमा सहजीकरण समिति गठन र परिचालन (गाउँपालिकास्तर ) | आवश्यकता अनुसार | | | | | | | | | |
| ४ | स्थानीय विज्ञलाई आमन्त्रित स्रोतव्यक्तीको रुपमा परिचालन | आवश्यता अनुसार | | | | | | | | | |
| ५ | पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयनका लागि लिडर | विद्यालय | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालयको व्यवस्था -वडास्तर | | | | | | | | | | |
| ६ | पढ्दै कमाउदै कार्यक्रमका लागि अनुदान (विद्यालयस्तर) | विद्यालय | | | | | | | | | |
| ७ | पढ्दै कमाउदै कार्यक्रमका लागि अभिभावक सचेतना कार्यक्रम (वडास्तर) | जना / पटक | | | | | | | | | |
| ८ | Book free friday day / व्यवहार कुशलसीप सिकाई दिवस अभियान -विद्यालयस्तर | विद्यालय | | | | | | | | | |
| जम्मा (आन्तरिक स्रोत: प्रति वर्ष वजेट ) | | | | | | | | | | | |
| ९ | रैथाने सीप परीक्षण र प्रमाणीकरण कार्यक्रम (गाउँपालिकास्तर) | जना /बार्षिक | | | | | | | | | |
| १० | प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयहरुमा क्षेत्र विस्तार कार्यक्रम (विषय धार थप्ने) | | | | | | | | | | |
| जम्मा (वाह्य स्रोत: प्रति वर्ष वजेट ) | | | | | | | | | | | |
| जम्मा (आन्तरिक र वाह्य) प्रतिवर्ष वजेट | | | | | | | | | | | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

मानव जीवनमा सिकाईलाई जीवन पर्यन्त चलिरहने प्रक्रियाका रुपमा लिने गरिन्छ । मानिसहरु औपचारिक, अनौपचारिक र अतिरिक्त पद्धतिको माध्यमबाट जीवन, जगत र वातावरणमा आन्तरक्रिया गर्दै अनुभवहरु हासिल गर्दछन् र केही न केही नयाँ कुराहरुको सिकाई पनि भई नै रहेको हुन्छ र तर हाम्रो समाजमा निश्चित उमेर, उमय र स्थानमा संचालन गरिने औपचारिक शिक्षलाई मात्रै सिकाई मान्ने चलन रहेको छ र त्यस्तो औपचारिक शिक्षाबाट विभिन्न कारणले बंचित भएका मानिसहरु उमेरमा पढ्न पाइएन भन्दै पश्चाताप गरेको पनि सुन्न पाइन्छ । त्यस्ता मासिनहरुमा इच्छा र जाँगर भए जीवनभर सिकाईमा सक्रियतापूर्वक संलग्न रहन पाइन्छ भन्ने भावको विकास गर्न सकिएमा समृद्ध र सभ्य समाजको निर्माणमा सहयोग पुग्न सक्दछ । जीवन पर्यन्त शिक्षाको महत्व मानिसहरुलाई बुझाउनका लागि साक्षरताका सीपहरुलाई दैनिक जीवनका पक्षहरुसँग सम्बन्धित गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा समुदायलाई राम्रोसँग सुसूचित गराउनु आवश्यक हुन्छ । पढाइ, लेखाइ र सामान्य गणितीय सीपको सहयोगले कृषि, घरेलु उद्यम, व्यापार, पशुपालन लगायत धेरै प्रकारका जिवीकोपार्जन र पेशा तथा व्यवसाय गर्न ठूलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने हुदा स्थानीय स्तरकै उदाहरण सहितका सामग्रीहरुको निर्माण गरी सिकारुका अनुभवहरुलाई उपयोग गर्ने गरी जीवन पर्यन्त सिकार्यलाई मूर्त रुप दिन योजना निर्माण जरुरी छ ।

### ३.५.१ वर्तमान अवस्था

विगतमा संचालन भएका अनौपचारिक शिक्षाको माध्यामबाट साक्षरताको अवस्थामा सुधार गर्न सकिएको हो । हाल यस कमवानपुरगढी गाउँपालिकाको साक्षरता ७७.७ प्रतिशत रहेको छ जुन राष्ट्रिय आँकडाको हाराहारीमा रहेको पाइन्छ । बसाइसराइ लगायत उमेर समूहको जनसंख्या थपिने हुँदा निरक्षरहरुको संख्या वृद्धि हुने सम्भावना रहन्छ भने अर्को तिर साक्षरता शिक्षा लिइसकेकाहरुलाई निरन्तरता दिनका लागि निरन्तर शिक्षाको आवश्यकता हुन जान्छ । यसै कुरालाई मध्यनजर गर्दै यस शिक्षा योजनामा अनौपचारिक र जीवन पर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरिएको छ ।

### ३.५.२ उद्देश्य

निम्न मूख्य उद्देश्यहरु हासिल गर्न यस अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका उद्देश्यहरुले सहयोग गर्दछः

- शिक्षाबाट बञ्चित सबै उमेर समूहका व्यक्तिहरुालई जीवनोपयोगी शिक्षा हासिल गर्न अनौपचारिक शिक्षा मार्फत निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु
- सबै जात, धर्म, वर्ग, लिङग, वर्ण, शारीरिक अवस्था। अपाङ्ता, आर्थिक अवस्था तथा भुगोलका बालबालिकाहरुको लागि विद्यालय तहको शिक्षामा समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्नु
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाई अन्तर्गत निम्नानुसारको विशिष्ट उद्देश्यहरु तय गरिएको छः

- औपचारिक शिक्षाको अवसरबाट बञ्चित वा बिचैमा पढाइ छाडेका अर्ध साक्षर र निरक्षर व्यक्तिहरुलाई साक्षरता अभियान जीवन पर्यन्त शिक्षा खुला शिक्षा वैकल्पिक शिक्षा मार्फत औपचारिक शिक्षा सरह शिक्षाको अवसर दिनु
- साक्षर नागरिकलाई रिनन्तर शिक्षा मार्फत अल्पकालीन सीपमूलक कार्यक्रमहरुमा आवद्ध गरी लाभ वितरण गर्नु
- पठन संस्कृतीलाई जीवनको अभिन्न अंग बनाउन पूस्तकालय सामुदायिक सूचना। सिकाइ केन्द्र र बाचनालयहरुको स्थापना विकास र विस्तार गर्नु र जीवन पर्यन्त सिकाइमा जोड दिनु
- विद्यालयलाई राष्ट्रिय वा अन्राष्ट्रिय खुला र दूर शिक्षासँग जोडेर शिक्षाको अवसर श्रृजना गर्नु

### ३.५.३ रणनीति

- अपचारिक शिक्षाको मूलधार बाहिर रहेका व्यक्तिहरुलाई समय र परिवेश अनुकूलको वैकल्पिक शिक्षाको व्यवस्था गर्ने
- साक्षर समुदाय निर्माणको लागि निरक्षर संख्या पहिचान गरी सामुदायिक सूचना/सिकाइ केन्द्र संचालन गर्ने
- प्राचिन र परम्परावादी सोचलाई वर्तमान सन्दर्भमा विज्ञान तथा प्रविधिसँग जोड्दै पुर्खाको महत्वपूर्ण ज्ञान सीपलाई सहकार्य र अन्तरकृया मार्फत व्यवहारिक बनाउने
- जेष्ड नागरिक, आमा समूह, किशोरकिशोरि/समूहहरुको परिचालनमा सामुदायिक सूचना/सिकाइ केन्द्रलाई सक्रिय बनाउने

### ३.५.४ कार्यनीति

- औपचारिक शिक्षाबाट सबै उमेर सम”हका व्यक्तिहरुका लागि हुने गरि सामुदायिक सिकाइ केन्द्रको स्थापना, जीवनोपयोगी सीप विकास र प्राविधिक सीपमूलक शिक्षाको व्यवस्था। संचालन गरिने साथै खुला विद्यालयको माध्यमबाट शिक्षाको मूलधारमा ल्याउने
- पुर्खाको महत्वपूर्ण ज्ञानमा सहकार्य र सिकाइ हस्तान्तरणका लागि समुदायिक सूचना/ संमचालन गरिने साथै खुला विद्यालयको माध्यमबाट शिक्षाको मूलधारमा ल्याउने
- पुर्खाको महत्वपूर्ण ज्ञानमा सहकार्य र सिकाइ हस्तान्तरणका लागि सामुदायिक सूचना/सिकाइ केन्द्रमा अन्तरपुस्ता संवाद कार्यक्रम संचालन गरिने
- समुदायिमा रहेका नव साक्षर व्यक्तिहरुलाई नजिकै रहेको सामुदायिक सूचना/सिकाइ केन्द्रलाई उपयोग गर्न समुदायको परिचालन गरिने
- सामुदायिक सूचना/सिकाइ केन्द्रमा शिक्षार्थी टिकाइ राख्न छात्रवृत्ति, नियमित स्वास्थ्य परिक्षण, आकर्षक अतिरिक्त क्रियाकलाप जस्ता प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिने

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

क. उपलब्धि

- औपचारिक शिक्षाको अवसरबाट बञ्चित वा विचैमा पढाइ छाडेका अर्ध साक्षर र निरक्षर व्यक्तिहरुलाई साक्षरता, निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ

ख। नतिजा

- पूर्ण साक्षर कमवानपुरगढी भएको हुनेछ
- औपचारिक शिक्षाको अवसरबाट बञ्चित वा विचैमा पढाइ छाडेका अर्धसाक्षर र निरक्षर व्यक्तिहरुलाई सामुदायमा सिकाइ अवसर श्रृजना भएको हुनेछ
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवपानका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्यान्वयनमा आएको हुनेछ। जस्तै सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार
- स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक सीपहरु विकास हुनेछ र आय आर्जनको अवसर प्राप्त भएको हुनेछ

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.सं** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (वर्ष)** | | | | | **कैफियत** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | साक्षरता र निरन्तर शिक्षा कार्यक्रमको लागि सामुदायिक अध्कययन केन्द्रको स्थापना र संचालन (प्रत्येक वडामा एक एक ओटा) | वटा | १ | २ | २ | २ | १ | ८ | पालिका/ प्रदेश/ संघ |
| २ | सामुदायिक अध्ययन केन्द्रमा सिकाइ सामग्री अपलब्धता | वटा | १ | २ | २ | २ | १ | ८ | पालिका/ प्रदेश/ संघ |
| ३ | आर्थिक रुपमा विपन्न तथा सीमान्तकृत परिवार लक्षित अल्पकालीन सीपमूलक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | पालिका/ कृषि शाखा/ संघसंस्था |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम संचालन, समूह गठन तथा आय आर्जन सहयोग | | | | | | | | |
| ४ | अन्तरपुस्ता संवाद, पुर्खाको महत्वपूर्ण ज्ञानमा सहकार्य र सिकाइ हस्तान्तरण तथा राम अभ्यासको निरन्तरता | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/ प्रदेश |

बजेट

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (वर्ष) | | | | | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | साक्षरता र निरन्तर शिक्षा कार्यक्रमको लागि सामुदायिक अध्कययन केन्द्रको स्थापना र संचालन (प्रत्येक वडामा एक एक ओटा) | वटा | २०० | ४०० | ४०० | ४०० | २०० | १६०० | पालिका/ प्रदेश/ संघ |
| २ | सामुदायिक अध्ययन केन्द्रमा सिकाइ सामग्री अपलब्धता | वटा | ५० | १०० | १०० | १०० | ५० | ४०० | पालिका/ प्रदेश/ संघ |
| ३ | आर्थिक रुपमा विपन्न तथा सीमान्तकृत परिवार लक्षित अल्पकालीन सीपमूलक कार्यक्रम संचालन, समूह गठन तथा आय आर्जन सहयोग | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका/ कृषि शाखा/ संघसंस्था |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | अन्तरपुस्ता संवाद, पुर्खाको महत्वपूर्ण ज्ञानमा सहकार्य र सिकाइ हस्तान्तरण तथा राम अभ्यासको निरन्तरता | पटक | ८० | ८० | ८० | ८० | ८० | ४०० | पालिका/ प्रदेश |

## परिच्छेद ४: अन्तरसम्बन्धित बिषय तथा क्षेत्र

परिच्छेद तीनका क्षेत्रहरूमा समेत यी अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूका बारेमा समावेश गरिएको भए पनि यी अन्तरसम्बन्धित विषयहरूलाई अलग्गै विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न क्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्‍याउने उद्देश्यले यस परिच्छेदमा विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको हो। यसमा उल्लेखित प्रत्येक विषयको अवधारणा, विद्यमान अवस्थाको विश्लेषण गरी चुनौतीहरू पहिचान गरिएको छ । समतामूलक पहुँच तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा सरसफाई, आपतकालीन तथा विपदमा शिक्षा, भौतिक पूर्वाधार विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि जस्ता अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरुको वर्तमान अवस्थाको विश्लेषण गरी समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ । यसमा ती विषयको उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिभरमा सञ्चालन गरिने मुख्य क्रियाकलापहरू समावेश गरिएको छ ।

### ४.१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रम सबै प्रकारका विषयवस्तु र पाठ्य सामग्रीको एक प्रारम्भिक दस्तावेज हो । जसे वास्तवमा शैक्षिक तथा सामाजिक जीवन दर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरी बालबालिकाको सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यत्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहना अनुरुप परिवर्तन भइरहन्छ । निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिको लागि विद्यार्थीहरुलाई विभिन्न अनुभघवहरु हसिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो । शिक्षाको राष्ट्रिय, तहगत सक्षमता तथा कक्षागत उद्देश्यहरु परिपूर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रम अन्तर्गत कुन कक्षा वा तहमा कुन विषय कसरी पढाउने र कसरी मूल्यांकन गर्ने जस्ता महत्वपूर्ण पक्षहरु पर्दछन् । पाठ्यक्रमले राखेको उद्देश्यहरु पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो । पाठ्यक्रम विकास तथा कार्यान्वयन एक प्राविधिक कार्य हो । जसको विकास र कार्यान्वयनमा विभिन्न शिक्षाविद् तथा विद्यालयहरुसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम समय सापेक्ष र सान्दर्भिक हुनु पर्दछ जसले राष्ट्रको शैक्षिक नीति पूरा गर्न सक्नु पर्दछ ।

#### ४.१.१ वर्तमान अवस्था

पाठ्यक्रममा कक्षामा सिकाउने विषयवस्तु मात्र नभएर विद्यार्थीमा हुनु पर्ने क्षमता र दक्षता विकास गर्न के कस्ता क्रियाकलापहरुका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ भन्ने समेटिएको हुन्छ । साथै विद्यार्थीले

सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्यांकन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार पनि पाठ्यक्रम हो । पाठ्यक्रम व्यवहार योग्य र प्रयोग योग्य हुनु पर्दछ । यसले सरोकारवाला सबैका चाहाना प्रतिविम्बित गरी समावेश हुनु पर्दछ । स्थानीय तहले स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन गरी स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास गर्न सक्दछ । विद्यमान राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा आधारभूत पाठ्यक्रम २०७६ ले दिशानिर्देश गरे अनुसार कमवानपुरगढी गाउँपालिकाले आफ्नो पाँच वर्षिय गाउँ शिक्षा योजनामा समाज, भुगोल, हावापानी तथा ईतिहासका पक्षहरु समेटेर आधारभूत तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्ने क्रममा रहेको छ ।

### ४.१.२ उद्देश्य

यस योजनाको पाठ्यक्रम विकास र पाठ्यपुस्तकको समग्र उद्देश्य पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी बालबालिकालाई व्यवहारिक, जीवनोपयोगी ज्ञान, सीप र सिकाइको विकास गराई सक्षम, प्रतिस्पर्धी र सिर्जनशील नागरिक तयार गर्नु रहेको छ । गाउँपालिकाको परिवेश र आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास, निर्माण र कार्यन्वयन गर्नु सहयोग गर्दछ । पाठ्यक्रम विकास र पाठ्य सामग्री अन्तर्गत निम्नानुसारको विशिष्ट उद्देश्यहरु तय गरिएको छः

- राष्ट्रिय पाठ्यक्रम प्रारुपको मार्गदर्शन बमोजिम यस क्षेत्रको धर्म, संस्कृति, रितिरिवाज, चालचलन, ऐतिहासिकता, भौगोलिकताको आधारमा आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्नु
- सिकाइलाई दैनिक व्यवहारसँग अनुबन्धित गराउने व्यवहारिक पाठ्यक्रम निर्माण गर्नु
- आधारभूत तहको स्थानीय पाठ्यक्रम अनुसार पाठ्य सामग्री निर्माण गरी कार्यान्वयन गर्नु

### ४.१.३ रणनीति

- स्थानीय आवश्यकता र विशेषता सम्बोधन हुने पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी लागू गर्ने
- व्यावहारिक, जीवनोपयोगी र अनुशासित एवं नैतिक शिक्षायुक्त पाठ्यक्रम र पाठ्य सामग्री निर्माणलाई प्राथमिकता दिने
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने
- आवश्यकता अनुसार पाठ्यक्रम र पाठ्य सामग्रीको समयानूकुल प्रवोधिकरण गर्ने
- अनुभवी जेष्ट नागरिकहरुलाई विशेषज्ञ समूह र ज्ञान भण्डारको रुपमा प्रयोग गर्ने

### ४.१.४ कार्यनीति

- पाठ्यक्रम निर्माणमा अनुभवी जेष्ड नागरिकहरु सहित स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय स्तरमा उपलब्ध साधनश्रोतहरुको प्रयोग गरी शैक्षिक सामग्रीहरुको निर्माण गरिने
- पाठ्यक्रम निर्माण सम्बन्धी छलफल/क्षमता अभिवृद्धि कार्यक्रम गरिने
- सबै विद्यालयहरुमा शैक्षिक एकरुपताको लागि कक्षागत पाठ्य पुस्तकहरुमा समानता कायम गरिने
- अंग्रेजी, गणित, विज्ञान र प्रविधिक विषयमा बजारमा उपलब्ध डिजिटल पाठ्य सामग्रीको प्रयोग गरिने
- स्थानयि ज्ञान, सीप, विद्धता, नेतृत्वशैली र प्राविधिक सीप अन्वेषण गरिने र अनुभवी जेष्ठ नागरिकहरुसँग ज्ञान, सीप र अनुभव आदान प्रदानको लागि अन्तरपुस्ता ज्ञान हस्तान्तरण कार्यक्रम गरिने

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

क.उपलब्धि

- आवश्यकतामा आधारित आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण भएको हुनेछ
- स्थानीय पाठ्यक्रममा आधारित पाठ्य सामग्री निर्माण भएको हुनेछ
- कक्षागत पाठ्यपुस्तकमा समानता कार्य भएको हुनेछ

ख.नतिजा

- आधारभूत तहका अध्ययनरत सबै विद्यार्थीहरुलाई स्थानीय पाठ्यक्रममा आधारित पाठ्य सामग्री पुगेको हुनेछ
- सबै विद्यार्थीहरुले स्थानीय समाज, भुगोल, हावापानी र इतिहास जानेका हुनेछन्।

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.सं** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (वर्ष)** | | | | | **कैफियत** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौं वर्ष | जम्मा | |
| १ | आधारभूत तहको स्थानीय पाठ्यक्रम विकास, परिमार्जन र सन्दर्भ सामग्री निर्माण | पटक | १ | ० | ० | ० | ० | १ | पालिका |
| २ | पाठ्यक्रम तथा पाठ्य सामग्री छपाई र वितरण | वटा | १ | १ | १ | १ | १ | ५ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | पाठ्यक्रम निर्माण सम्बन्धी तालिम | पटक | १ | ० | ० | ० | ० | १ | पालिका |
| ४ | अंग्रेजी, गणित, विज्ञान र प्रविधिक विषयमा बजारमा उपलब्ध डिजिटल पाठ्य सामग्री खरिद र वितरण | पटक | १ | | | | | १ | पालिका |
| ५ | अनुभवी जेष्ठ नागरिकहरुसँग अन्तरपुस्ता ज्ञान हस्तान्तरण कार्यक्रम | पटक | १ | | १ | | १ | ३ | पालिका |

बजेट

| **क्र.सं** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (वर्ष)** | | | | | **कैफियत** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | आधारभूत तहको स्थानीय पाठ्यक्रम विकास, परिमार्जन र सन्दर्भ सामग्री निर्माण | पटक | ४०० | ० | ० | ० | ० | ४०० | पालिका |
| २ | पाठ्यक्रम तथा पाठ्य सामग्री छपाई र वितरण | वटा | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका |
| ३ | पाठ्यक्रम निर्माण सम्बन्धी तालिम | पटक | ४०० | | | | | ४०० | पालिका |
| ४ | अंग्रेजी, गणित, विज्ञान र प्रविधिक विषयमा बजारमा उपलब्ध डिजिटल पाठ्य सामग्री खरिद र वितरण | पटक | १०० | | | | | १०० | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | अनुभवी जेष्ठ नागरिकहरुसँग अन्तरपुस्ता ज्ञान हस्तान्तरण कार्यक्रम | पटक | ५० | | ५० | | ५० | १५० | पालिका |

### ४.२ शिक्षक व्यवस्थापन र विकास

विद्यालयहरुको पुनः संरचना गर्ने कार्यलाई हेर्दा प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्मलाई आधारतूत (०–८) र कक्षा १२ सम्मलाई माध्यामिक –९–१२) तहमा वर्गीकरण गरिएको छ। माथिको वर्गीकरण अनुकूल हुने सबै तहको शिक्षामा योग्य, दक्ष समर्तित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रुपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति उवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। विद्यमान नीतिगत र कानुनी व्यवस्था, शिक्षक दरबन्दी र विद्यालय कर्मचारीहरुको अवस्था अध्ययन, अनुसन्धान र पुनरावलोकन जस्ता आधारहरुलाई ध्यान दिएर शिक्षक व्यवस्थापन र पेशागत विकासका योजना तयार गर्दा कार्यान्वयन गर्न सहजता हुने देखिन्छ। यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रुपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ।

#### ४.२.१ वर्तमान अवस्था

यसका अतिरिक्त अवस्था सम्म आइपुग्दा विगतका अनुभव र सिकाइलाई पनि मध्य नजर गरिनु पर्दछ साथै शिक्षक व्यवस्थापन तथा पेशागत विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरु प्हिचान गरिनु पर्दछ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरुको सामना गरि शिक्षक व्यवस्थापन तथा पेशागत विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस मकवानपुरगढी गाउँपालिकाले यस योजनामा शिक्षक व्यवस्थापन तथा पेशागत विकास कार्यक्रमका उद्देश्य, रणनीति, कृयाकलाप र कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा समावेश गरेको छ।

#### ४.२.२ उद्देश्य

निम्न मुख्य उद्देश्यहरु हासिल गर्न यस उद्देश्यले सहयोग गर्दछः

- प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुका लागि गुणस्तरीय बाल विकास र शिक्षाको अवसर उपलब्ध गराउनु
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा आधारभूत उमेर समूहका सबै बालबालिकाहरुको समतामूलक पहुँच सुनिश्चित गर्नु
- माध्यामिक तहको शिक्षाबाट दक्ष एवं स्वरोजगार जनशक्ति उत्पादन गर्न हावापानी र भुगोल अनुकूल तथा समुदायको माग अनुसारको प्राविधिक र व्यवासाियक शिक्षा व्यवस्थापनलाई प्राथमिकता दिनु र उक्त शिक्षामा समुदायको पहुच अभिवृद्धि गर्नु
- सबै जात, धर्म, वर्ग, लिङ्ग, वर्ण, शारीरिक अवस्था । अपाङ्ता, आर्थिक अवस्था तथा भुगोलका बालबालिकाहरुको लागि विद्यालय तहको शिक्षामा समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्नु
- शिक्षामा सकारात्मक अभिभावकत्व र सामुदायिक सचेतिकरण कार्यक्रम मार्फत समयमै विद्यालय भर्ना नहुने र बीचैमा कक्षा छाड्ने विद्यार्थी दरलाई न्यूनीकरण गर्दै विद्यार्थी नियमितता र टिकाउ दरमा सुधार गरी सिकाइ उपलब्धि वृद्धि गर्नु
- विद्यालय व्यवस्थापनमा सुशासन कायम गरी समुदायप्रति जवाफदेही र बालबालिकाको सिकाइ प्रति सूचना प्रविधियुक्त र उत्तरदायी प्रणालीको विकास गर्नु र

शिक्षक व्यवस्थापन र पेशागत विकास अन्तर्गत निम्नानुसारको विशिष्ट उद्देश्यहरु तय गरिएको छः

- सबै तहमा योग्य, सक्षम, प्रतिवद्ध, समर्पित, प्रेरणादायी र जवाफदेही शिक्ष्ँको प्रबन्ध गर्नु र शिक्षण सिकाइमा सुधार गर्नु
- शिक्षक छनौट नियुक्ति पदस्थापन र पूनर्वितरणलाई एकिकृत गरी आवश्यकतामा आधारित बनाई सुदृण बनाउनु
- सबै शिक्षकहरुको पेशागत विकासका अवसर सुनिश्चित गर्नु
- शिक्षक प्रोत्साहन कार्यक्रमको विकास नतिजामा आधारित भई कार्यान्वयन गर्नु
- शिक्षण सिकाई कृयाकलाप सूचना तथा प्रविधिको अधिकतम प्रयोग गर्नु

### ४.२.३ रणनीति

- विषयगत रुपमा आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान र परिमार्जन गर्ने
- विषयगत अध्यापन गर्दा हरेक विद्यार्थीको सिकाइ उपलब्धि प्रति विषयगत शिक्षकले जिम्मा लिने र शिक्षण सिकाइको उपलब्धि प्रति शिक्षक उत्रदायी हुने संयन्त्रको विकास गर्ने
- विषयगत अध्यापन गर्दा हरेक विद्यार्थीको सिकाइ उपलब्धि प्रति विषयगत शिक्षकले जिम्मा लिने र शिक्षण सिकाइको उपलब्धि प्रति शिक्षक उत्रदायी हुने संयन्त्रको विकास गर्ने
- शैक्षिक उपलब्धिमा आधारित उत्कृष्ट कार्य सम्पादन गर्ने शिक्षक छनौटको लागि निश्चित मापदण्डको विकास गर्ने

- शिक्षकको निरन्तर पेशागत विकासका लागि आधुनिक शिक्षण सीप र पेशागत सीप विकास सम्बन्धिी क्षमता विकासको व्यवस्था गर्ने
- स्थानीय श्रोतबाट शिषक नियुक्ति गर्दा गाउँपालिकाको शिक्षक छनौट समितिद्धारा शिक्षक सेवा आयेगले निर्धा।ण गरेको मापदण्ड अनुसार छनौट परिक्षा लिई योग्यता क्रम अनुसार नियुक्ति दिने
- शिक्षक अभाव पूर्तिको लागि स्वयंसेवक शिक्षक भर्ना र परिचालन गर्ने
- स्थानीय श्रोतबाट शिक्षक नियुक्ति गर्दा गाउँपालिकाको शिक्षक छनौट समितिद्धारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार छनौट परिक्षा लिई योग्यता क्रम अनुसार नियुक्ति दिने
- शिक्षक अभाव पूर्तिको लागि स्वयंसेवक शिक्षक भर्ना र परिचालन गर्ने
- विषयगत दक्षता भएका र प्रशिक्षण अनुभव भएका शिक्षकहरुबाट विद्यालय सुपरिवेक्षण गरी शिक्षकहरुको पेशागत विकासमा सहयोग गर्ने
- शिक्षक नियमितताको लागि शिक्षक आधारसंहिता निर्माण र कक्षाकोठामा विताउने समयको व्यवस्थापन गर्ने
- शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने व्यवस्था। पद्धतिको विकास गर्ने
- शिक्षक व्यवस्थापन र पेशागत विकासका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने

४.२.४ कार्यनीति

- शिक्षक छनौट, अस्थायी र राहत शिक्षक नियुक्तिमा एकरुपमा ल्याउन गाउँपालिका शिक्षा ऐन, २०७५ को व्यवस्थालाई कार्यान्यिन गर्न नियमावली र मापदण्। कार्यविधिको विकास गरिने,
- न्यूनतम शिक्ष्क संख्या सुनिश्चित गर्न स्वयंसेवक शिक्षक परिचालन गरिने
- इोग्यता र क्षमताको आधारमा प्रधानाध्यापकको नियुक्ति गरिने
- हरेक शिक्षको कार्य सम्पादन मूल्यांङ्नलाई नतिजामा आधारित बनाउन मापदण्ठमा आधारित पुरस्कार र दण्डको व्यवस्था गरिने
- शैक्षिक क्रियाकलापमा सुधारका लागि मागमा आधारित शिक्षकको पेशागत क्षमता अभिद्धि गरिने
- शिक्षक सरुवा तथा व्यवस्थापन कार्यविधिको विकास गरिने
- प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताहरुलाई आधुनिक शिक्षण विधि सम्बन्धी तालिम दिइने

## ४.२.५ प्रमुख उपलब्धि तथा नतिजा

क.खउपलब्धि

- योग्य, सक्षम, प्रतिवद्ध, समर्पित, प्रेरणाादायी र जवाफदेही शिक्षकलको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार आएको हुनेछ

ख.नतिजा

- शिक्षक छनौट,  अस्थायी र राहत शिक्षक नियुक्तिमा निर्धारिट मापदण्ड विसकाले एकरुपता आएको र दरबन्दी कायम भएको हुनेछ
- सबै शिक्षकहरुको पेशागत विकासका अवसर प्राप्त र शिक्षण विधि प्रविधियुक्त भएको हुनेछ
- हरेक शिक्षकको कार्य सम्पादन मूलयांकन नतिजामा आधारित भएको हुनेछ
- शिक्षण सिकाइको उपलब्धि प्रति शिक्षक उत्तरदाण्ी हुने संयन्त्रको विसका भएको हुनेछ

### ४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (वर्ष) | | | | | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | आवश्यकता र मागमा आधारित शैक्षिक क्रियाकलापमा सुधारका लागि शिक्षकको पेशागत क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| २ | विषयगत शिक्षक समूह गठन र परिचालन | वटा | १ | ० | ० | १ | ० | २ | पालिका |
| ३ | शिक्षक अभाव पूर्तिको लागि स्वंसेवक शिषक भर्ना र परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ४ | विद्यालय प्रशासनिक कार्य गर्न छुट्टै कर्मचारीको व्यवस्था (आधारभूत तह) | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३६ | पालिका/संघ /प्रदेश |
| ५ | अनुभवी र समकक्षी शिक्षकको अनुगमन र सुपरिवेक्षण र मेन्टरिङ | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | पालिका /विद्यालय |
| ६ | शैक्षिक उपलब्धिमा आधारित उत्कृष्ट कार्य सम्पादन भएका ।नभएका शिक्षकको निश्चित मापदण्डको आधारमा | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरस्कार र दण्ड । सजाय व्यवस्था | | | | | | | | |
| ७ | शिक्षक सरुवा तथा व्यवस्थापन कार्यविधि विकास | पटक | १ | ० | ० | ० | ० | १ | पालिका |
| ८ | मेन्टरिड  शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ९ | सिकाइ आदान प्रदान, क्षमता अभिवृद्धी, प्रविधि हस्तान्तरण र ज्ञानको संजालीकरणको लागि असल अभ्यासको अवलोकन भ्रमणको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १० | विद्यार्थी संख्या, कक्षा वा तह आवश्यकताको आधारमा दरबन्दि मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका निरन्तर |

बजेट

| **क्र. सं** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (रू.हजारमा)** | | | | | **कैफियत** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | जम्मा | |
| १ | आवश्यकता र मागमा आधारित शैक्षिक क्रियाकलापमा सुधारका लागि शिक्षकको पेशागत क्षमता अभिवृद्धि | पटक | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | पालिका |
| २ | विषयगत शिक्षक समूह गठन र परिचालन | वटा | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| ३ | शिक्षक अभाव पूर्तिको लागि स्वंसेवक शिषक भर्ना र परिचालन गर्ने | संख्या | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालय प्रशासनिक कार्य गर्न छुट्टै कर्मचारीको व्यवस्था (आधारभूत तह) | संख्या | १५६० | १५६० | १५६० | १५६० | १५६० | ७८०० | पालिका/संघ/प्रदेश |
| ५ | अनुभवी र समकक्षी शिक्षकको अनुगमन र सुपरिवेक्षण र मेन्टरिङ | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | पालिका /विद्यालय |
| ६ | शैक्षिक उपलब्धिमा आधारित उत्कृष्ट कार्य सम्पादन भएका ।नभएका शिक्षकको निश्चित मापदण्डको आधारमा पुरस्कार र दण्ड । सजाय व्यवस्था | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| ७ | शिक्षक सरुवा तथा व्यवस्थापन कार्यविधि विकास | पटक | | | | | | | पालिका |
| ८ | मेन्टरिङ शिक्षक व्यवस्थापन | पटक | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | पालिका |
| ९ | सिकाइ आदान प्रदान, क्षमता अभिवृद्धी, प्रविधि हस्तान्तरण र ज्ञानको संजालीकरणको लागि असल अभ्यासको अवलोकन भ्रमणको व्यवस्था | पटक | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | पालिका |
| १० | विद्यार्थी संख्या, कक्षा वा तह आवश्यकताको आधारमा दरबन्दि मिलान | पटक | ० | ० | ० | ० | ० | ० | पालिका निरन्तर |

## ४.३ शिक्षामा समता र समावेशीकरण

संविधानले समयमा समतामूलक, समावेशी र समाजवाद उन्मूख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ। संविधानको धारा ३९ मा शिक्षा सम्बन्धी हकमा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तह सम्मको शिक्षा

निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। साथै अपाङ्ता भएका र आर्थिक रुपले विपन्न नागरिकले कानून बमोजिम निःशुल्क शिक्षा पाउने व्यवस्था गरेको छ । देशमा दिगो, शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। मूलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकोले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो। स्थानीय तहको समतामूलक पहुँचको सुनिश्चितता मार्फत सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशिल जनशक्ति तयार पार्न शिक्षा योजना निर्माण गरी शिक्षामा गरिने लागनीको स्वरुपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ । विदालय बाहिर रहेका विचैमा अध्ययन छाडेका र अपेक्षित उपलब्धि हासिल गर्न नसकेका विद्यार्थीहरुलाई लक्षित गरी समताम तथा समावेशिता अभिवृद्धि गर्नु आवश्यक छ र कठिन पनि छ।

### ४.३.१. वर्तमान अवस्था

मकवानपुरगढी गाउँपालिका समाजिक र सांस्कृतिक रुपमा विविधतायुक्त रहेको छ। धार्मिक, जातिय, लैङ्गिक, वर्गिय र फरक शारीरिक बनावट भएका व्यक्तिहरुको बसोवास रहेको समाजमा सामाजिक विभेद र सिमान्तकृत समुदायहरु पनि छन्, जसबाट यहाँका सामाजको शैक्षिक अवस्था व्यक्ति र समुदाय पिच्छे फरक रहेको छ। भौगोलिक आवस्थिति, सामाजिक चेतनाको स्तर, लैङ्गिकता प्रतिको सोच, पारिवारीक आर्थिक अवस्थाले समुदायको शैक्षिक पहुँच, सहभागिता र नतिजामा प्रभाव परिरहेको हुन्छ । त्यसैगरी विभिन्न किसिमका उपाङ्ता भएका बालबालिकाहरुमा शिक्षाको पहुँच स्थापित गरी शैक्षिक उपलब्धि हासिल गर्न थप प्रयास गर्न आवश्यक देखिन्छ । व्यक्तिहरुमा रहेको भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहन गर्नु र धार्मिक, जातिय, लिङ्गिय, वर्गिय र फरक शारीरिक बनावट भएका समुदायको शैक्षिक पहुँच, सहभागिता र नतिजामा भिन्नताको प्रभाव नपर्ने गरी समता कायम गर्नु आवश्यक छ । विविधताको सम्मान, समता र समावेशिता अभिवृद्धी गरी शिक्षामा सबैको सहज पहुँच पुऱ्याइ अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरु पहिचान गरी हटाउनु पर्दछ। यस्ता बाधाहरु समुदाय तथा परिवेश अुसार भिन्न हुन सक्दछन् । बाधाहरु भैतिक देखी लिएर साधनश्रोतसँग सम्बन्धित पनि हुन सक्दछन् भने कतिपय संरचनागत, सांस्कृतिक, सामाजिक र मनोवैज्ञानिक पनि हुन सक्दछन्।

शिक्षा क्षेत्रका मुख्य क्षेत्रहरु जस्तै प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यामिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौचारिक शिक्षा तथा आजीवन सिकाइ लगायत पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्यांकन शिक्षक व्यवस्थापन र विकास र शैक्षिक समता र समावेशीकरणलगायत अन्य माथि परिच्छेद तिन र चारमा उल्लेखित उद्देश्यहरु पूरा गर्नका लागि केही अन्तर सम्बन्धित कार्यक्रम र उपक्षेत्रहरु हुन्छन् जसले माथिका मुख्य क्षेत्रहरुले लक्षित गरेको उपलब्धि हासिल गर्नु हो । अन्य शिक्षाका क्षेत्रहरुलाई समेट्नका लागि सहयोगी भूमिकाको लागि यस उपक्षेत्रमा समेटिएको छात्रवृति कार्यक्रमले भूमिका खेल्न सक्दछ । छात्रवृति सहयोग कार्यक्रमले विद्यालय शिक्षामा यसको महत्व प्राथमिकताका साथ छुटै कार्ययोजना सहित प्रस्तुत गरिएको छ । ती अन्तर सम्बन्धित विषयहरुका उद्देश्य, रणनीति, उपलब्धि नतिजा र कार्ययोजनाहरुले शिक्षाका मुख्य क्षेत्रहरुसँग नजिकको सम्बन्ध राख्दछ र यस योजनाको अन्तिम नतिजा हासिल गर्न चरणबद्ध सहयोगि हुन्छ ।

### ५.१ छात्रवृत्ति सहयोग कार्यक्रम

विद्यालय शिक्षामा विद्यार्थीहरुको सहभागिता वृद्धि गरि सिकाइलाई निरन्तरता दिन तथा विद्यालय बाहिर रहेका सामाजिक, आर्थिक रुपले पिछडिएका वर्गहरुलाई विद्यालय शिक्षामा सुनिश्चित गर्न छात्रवृत्ति कार्यक्रम तयार गरिएको हो, जसबाट ती लीषत समूह वा समुदायहरुको बालबाकिलाहरुले विद्यालय शिक्षा निरन्तर गरिरहन्छन् । छात्रवृति लगायत विद्यार्थीलाई प्रदा नगरिने सहयोगहरुको न्यून आय भएका परिवार, सुविधा विहिन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच र सहभागिता अभिवृद्धी गरी शैक्षिक समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ । छात्रवृति लगायतका सहयोगहरुले लक्षित समूहलाई विद्यालय पोशाक, मसलन्द लागायतका सामग्रीहरु र नास्ता व्यवस्थापनमा सहयोग पुग्दछ र विद्यार्थीहरुको अनुपस्थिति र विद्यालय छाड्ने दर घट्न पुग्दछ । छात्रवृति सहयोग कार्यक्रमको आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ र पूर्ण रुपमा सबै विद्यालय उमेर समुहका बालबालिकाहरु विद्यालय शिक्षामा सहभागि भएको सुनिश्चित गर्दछ । त्यसैगरि यसबाट सिकाइमा सक्रियतापूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुने भएकोले बालबालिकाको सिकाइ सुधार गरि शिक्षाको गुणस्तर सुधार हुन पुग्दछ । त्यसैले विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि यस गाउँपाकिले यो छात्रवृति सहयोग कार्यक्रम प्राथमिकताका साथ लक्षित समूहको न्यून सामाजिक र आर्थिक अवस्था केन्द्रित बनाएको छ ।

#### ५.१ .१ वर्तमान अवस्था

छात्रवृति सहयोगले लक्षित समूहलाई प्रोत्साहन दिन र उच्च मनोबलको विकास, आत्मियता, सहयोगि भावनाको विकास गर्न मद्यत गर्दछ । लक्षित समूहमा आर्थिक गरीबी, सुविधा विहिन, अपाङ्ता तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई समेटिएको छ । विगतमा वितरण गरिएको यस प्रकारको कार्यक्रमबाट सिकाइ लिदै छात्रवृति वितरण कार्यक्रमलाई कार्यविधिमा आधारित बनाइनेछ । साथै विगतमा देखिएको चुनौतिहरु जस्तै न्यून छात्रवृति रकम,

असमान वितरण, छात्रवृति वितरण कार्यको प्रभावकारी अनुगमन र मूल्यांकन नहुनु र छात्रवृति सहित सामुदायिक आवसीय विद्यालयको अभावहरुलाई समाधान गरिनुपर्ने अवस्था छ।

### ५.१.२ उद्देश्य

निम्न मुख्य उद्देश्यहरु हासिल गर्न यस छात्रवृति सहयोग कार्यक्रमका उद्देश्यहरुले सहयोग गर्दछ।

- प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुको समतामूलक पहुँच सुनिश्चित गर्नु
- अनिवार्य तथा निःशुल्क शिक्षा आधारभुत शिक्षामा आधारभूत उमेर समूहका सबै बालबाकिलाहरुको समतामूलक पहुँच सुनिश्चित गर्नु
- माध्यामिक तहको शिक्षामा गुणस्तर र सान्दर्भिकता कायम गर्दै सबै बालबालिकाको उमेरगत पहुँच तथा सहभागिता अवसर अभिवृद्धी गर्नु
- सबै जात, धर्म, वर्ग, लिङ्ग वर्ण शारीरिक अवस्था अपाङ्गता आर्थिक, अवस्था तथा भुगोलका बालबालिकाहरुको लागि विद्यालय तहको शिक्षामा समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्नु

छात्रवृतिको सहयोग कार्यक्रम अन्तर्गत निम्नानुसारको विशिष्ट उद्देश्यहरु तय गरिएको छः

- आर्थिक रुपले विपन्न, सामाािजक रुपले सिमान्तकृत, अभिभावक र सुविधा विहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबाकालिकाहरुलाई लक्षित गरी विद्यालयमा सहज पहुँच बढाउँदै उनीहरुको सिकाइमा सहभागिता र उपलब्धि बढाउने
- विद्यालय शिक्षामा समता वृद्धि गरी समावेशी बनाउने

### ५.१.३ रणनीति

- हलको छात्रवृतिका किसिम र छनौटका आधारहरुको पुनरावलोकन तथा परिमार्जन गरी लक्षित समूह र आवश्यकतामा आधारित छात्रवृति पद्धती विकास गर्ने
- विद्यालय र समुदायको सहभाािगतामा प्रत्येक विद्यालयमा छात्रवृति व्यवस्थापन समिति पारदर्शी रुपमा गठन गर्ने
- आर्थिक रुपले विपन्न परिवार र बालबालिकाको आर्थिक अवस्था उकास्न सरोकारवाला संघसंस्थहरुसँग संचार एवं समन्वय गर्ने
- कक्षा १० का मधेशी विद्यार्थी पहिचान गरी निःशुल्क प्राविधिक एवं व्यवसायिक उच्च शिक्षाको अवसर र यस्ता अवसर पाएका विद्यार्थीहरुलाई अध्ययन पश्चात् पनश्चित तोकिएको अवधि सम्म रोजगारीको अवसर प्रदान गर्ने
- छात्रवृतिको रकम पुनरावलोकन गरी उद्देश्य अनुरुप पर्याप्त हुने गरी व्यवस्था गर्ने

### ५.१.३ कार्यनीति

- छात्रवृति सहयोग कार्यक्रम मूलतः आर्थिक रुपले विपन्न, सामाजिक रुपले सिमान्तकृत, अभिभावक र सुविधा विहिन, कठिन परिस्थितीमा रहेको र अपाङ्ता भएक बालबालिकाहरुलाई लक्षित गरिने
- छात्रवृति व्यवस्थापन समिति गठन गर्न सार्वजनिक सूचना गरिने
- गाउँपालिका शिक्षा शाखाद्धारा छात्रवृतिको रकम पुनरावलोकन गरिने

**क.उपलब्धि**

- छात्रवृति वितरण मार्फत लक्षित समूहका बालकालिकाहरुको शिक्षामा सहज पहुँच र सहभाििगता सुनिश्चित भएको हुनेछ

**ख.नतिजा**

- लक्षित वर्ग पहिचान गरि एकीकृत छात्रवृति प्रणालीको विकास र कार्यान्वयन भएको हुनेछ
- आर्थिक रुपमा छिपडिएका वर्गालाई छात्रवृति वितरण भएको हुनेछ।
- सामुदायिक आवासीय विद्यालय छात्रवृति सहितको भएको हुनेछ

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | | |
| १ | छात्रवृति छनौट तथा वितरण कार्यविधि तर्जुमा | पटक | १ | | | | | १ | पालिका |
| २ | आर्थिक रुपले विपन्न, जेहेन्दार, सिमान्तकृत, अपाङ्ता, दलित समुदायका बालकालिका तथा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थी शैक्षिक सामग्री तथा छात्रवृति वितरण तथा आवसिय सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ३ | विद्यालयमा अध्ययनरत वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप छात्रवृति प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | आर्थिक रुपले विपन्न परिवार र बालबालिकाको आर्थिक अवस्था उकास्न सरोकारवाला संघसंस्थाहरुसँग समन्वयात्मक बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ५ | निःशुल्क प्राविधिक एवं व्यावसायिक उच्च शिक्षाको अवसर र रोजगारीको अवर प्रदान (मेधावी विद्यार्थीलाई उच्च शिक्षा अध्ययन र अनुसन्धानको लागि छात्रवृति वितरण र सेवा करारको व्यवस्था) | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

**बजेट**

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | आवश्यक बजेट (रु.हजारमा) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | | |
| १ | छात्रवृति छनौट तथा वितरण कार्यविधि तर्जुमा | पटक | ५० | ० | ० | ० | ० | ५० | पालिका |
| २ | आर्थिक रुपले विपन्न, जेहेन्दार, सिमान्तकृत, अपाङ्ता, दलित समुदायका बालकालिका तथा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थी शैक्षिक सामग्री तथा छात्रवृति वितरण तथा आवसिय सहयोग | पटक | १००० | १००० | १००० | १००० | १००० | ५००० | पालिका |
| ३ | विद्यालयमा अध्ययनरत वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने | पटक | ५० | ५० | ५० | ५० | ५० | ५० | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप छात्रवृति प्रदान | | | | | | | | |
| ४ | आर्थिक रुपले विपन्न परिवार र बालबालिकाको आर्थिक अवस्था उकास्न सरोकारवाला संघसंस्थाहरुसँग समन्वयात्मक बैठक | पटक | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | पालिका |
| ५ | निःशुल्क प्राविधिक एवं व्यावसायिक उच्च शिक्षाको अवसर र रोजगारीको अवर प्रदान (मेधावी विद्यार्थीलाई उच्च शिक्षा अध्ययन र अनुसन्धानको लागि छात्रवृति वितरण र सेवा करारको व्यवस्था) | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

## परिच्छेद ६ सुशासन तथा व्यवस्थापन

शिक्षा योजनाको सुशासन र व्यवस्थापनले समय शैक्षिक शासकीय प्रबन्धलाई जनाउँदछ। योजना कार्यान्वयन हुने मूख्य स्थान विद्यालय क्षेत्र भएकोले शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी तथा कुशल कार्यान्वयनले समता, समावेशी र सहभागिताको वातावरणको सकारात्मकता, बाल सिकाइ उपलब्धिमा प्रगती र विद्यालय परिवारको भूमिकाको अवस्थालाई प्रभाव पार्दछ। सो कोलागि आवश्यक संरचना, प्रक्रियागत व्यवस्था र अनुगमन तथा मूल्याङ्कन कार्य सक्षम हुन जरुरी छ जस्ले समग्र कार्य सम्पादनलाई प्रभाव पारिरहेको हुन्छ। शिक्षा योजनाका सरोकारवाला सबैको कार्य सम्पादन प्रभाकारी एवं कुशल हुनु, सार्वजनिक रुपमा जवाफदेही हुनु र विद्यार्थीको सिकाइप्रति पूर्ण उत्तरदायी भई पारदर्शी हुनु सुशासन र व्यवस्थापनका पक्षहरु हुन ।

## ६.१ शिक्षाको ब्यबस्थापन तथा सस्थागत क्षमता बिकाश

स्थानीय शिक्षामा संघीय र प्रदेश सरकार देखी गाउँगाउँपालिका, विद्यालय, समुदाय तथा विकास साझेदारहरूको भूमिका तथा योगदान महत्वपूर्ण रहेको हुन्छ। ती निकायहरुको सहभागिता, कार्य सम्पादन, पारदर्शिता, सूचना संप्रेक्षण र उत्तरदायित्व वहन जस्ता विषयहरु गहन विषयहरु हुन। विधिको सर्वोच्चतालाई आत्मसाथ गरेर सुशासनको प्रत्याभूति गर्न सक्नु पर्दछ । शिक्षा योजना कार्यान्वयनकालागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना आवश्यकिय आधारहरु हुन र यहाँ यस खण्डमा शिक्षा योजनाका यिनै आधारहरुको व्यवस्थाबारे उल्लेख गरिएको छ। शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तर्गत मुख्य रुपमा शिक्षा मन्त्रालय र विभाग / इकाईहरु तथा प्रदेश अन्तर्गत सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र तालिम केन्द्र रहेका छन् । त्यस्तैगरी स्थानीय तहमा सामाजिक विकास समिति अन्तरगत शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ। संविधानले माध्यमिक तह सम्मको शिक्षा अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ मा समेत शिक्षा सम्बन्धी २३ वटा अधिकारहरु स्थानीय तहलाई दिएको छ। आधारभूत तहको अन्तिम परिक्षा स्थानीय तहबाट संचालन भएको छ ।

### ६.१.१ वर्तमान अवस्था

विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था गरिएको छ। यस गाउँपालिकामा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार विकास, शिक्षक अभिभावकहरुको क्षमता अभिवृद्धि, विद्यालयमा अतिरिक्त कृयाकलापहरु संचालन, सूचना सञ्चार प्रविधिका उपकरणको विस्तार र प्रयोग, विद्यालय अनुगमन र निरिक्षण विद्यार्थी सिकाइ उपलब्धीको मूल्याङ्कन समय शिक्षाको उन्नती प्रति उत्तरदायित्व बोध तथा सरोकारहरु नियमित बैठक जस्ता महत्वपूर्ण कार्यहरू यस शाखाको जिम्मेवारी मित्र पर्दछ। स्थानीय तहको जिम्मेवारी बजे सबै शिक्षा विकासमा सक्षम भूमिका बढाउन आवश्यक छ। साथै संस्थागत संरचना र क्षमता विकासमा देखा परेका कमजोरीहरुलाई हटाउदै शिक्षकहरुमा व्यावसायिकता र पेशा प्रतिको ईन्दारीतामा पनि ध्यान दिन जरुरी छ गाउँपालिकाले समयको माग अनुसार शासकिय स्वरूप, प्रक्रिया र क्षमता सुधार गरेमा मात्र शैक्षिक गुणस्तर सुधार गर्न सकिन्छ। विज्ञान र प्रविधिमा आएको परिवर्तन, सामाजिक चेतना र स्थानीय तहको शिक्षाक्षेत्रप्रति बढ्दो उत्तरदायित्व र सुशासन प्रवर्द्धन समेतलाई ख्याल गरी संस्थागत संरचना, स्वरुप र क्षमता विकास सम्बन्धी क्रियाकलापहरु गर्न जरुरी छ। प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी सिकाइ उपलब्धिमा सुधार, आवश्यकता अनुसारको अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र आपतकालिन तथा संकटपूर्ण अवस्थामा समावेशी सिकाइको निरन्तरता प्रवर्द्धनमा जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसकालागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको विगतको पद्धतीको समिक्षा गरी संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका हरुबाट पाठ सिकी केही नतिजामुखी कृयाकलापहरू यस खण्डमा समावेश गरिएको छ।

### ६.१.२ उद्देश्य

- संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यको आधारमा शिक्षा योजना कार्यान्वयन गर्न आवश्यक

- संस्थागत व्यवस्था गर्ने ।
- विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनमा न्यूनतम उपलब्धी सुनिश्चित गर्न र नतिजामा गुणस्तरकायम गर्न आवश्यक संरचना र जनशक्तिको व्यवस्था गर्ने ।
- समता तथा समावेशीतालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने ।
- विद्यालयको जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।
- विद्यालय शिक्षा सम्बन्धी आवश्यक नीतिगत व्यवस्था र कार्यान्वयन गरी संस्थागत संरचना मजवुत गर्ने।

### ६.१.३ रणनीति

- संघ र प्रदेश सरकारसंग शिक्षा योजना कार्यान्वयनकोलागि आवश्यक समन्वय र सहकार्य गर्नु
- विद्यालय शिक्षा क्षेत्रका शैक्षिक कृयाकलापहरुको कार्यान्वयनकालागि प्रणालीगत संयन्त्रको विकास रकार्यान्वयन गर्न आवश्यक भौतिक पूर्वाधार, जनशक्ति र वित्त व्यवस्थापन गर्नु
- शिक्षामा सुशासन व्यवस्था गर्नकालागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा
- सूचना सम्प्रेषणकालागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिनु

### ६.१.३ कार्यनीति

- संघ र प्रदेश सरकारसँग शिक्षा योजना कार्यान्वयनको लागि सहकार्य गरी विद्यालय संचालन एवं व्यवस्थापनको लागि लागत साझेदारी गरिने
- कानून बमोजिम विद्यालयको आर्थिक कार्य प्रणाली व्यवस्थित गर्न नियमानुसार लेखा राख्ने व्यवस्था र लेखा परिक्षण अगावै सामाजिक परिक्षणलाई अनिवार्य गरिने
- शिक्षामा पारदर्शिता र जवाफदेहिता सहितको सुशासन वयवस्था गर्नका लागि कार्यविधि र मापदण्ड विकास गरिने,
- विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुसँग कार्य सम्पादन करारा गरिने
- विद्यालयहरुका अभिभावकहरुसँग समूहगत रुपमा शिक्षाको शासकीय र व्यवस्थापकीय कार्यबारे समिक्षा तथा अन्तरकृया गरिने

### ६.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क.उपलब्धि**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्दन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा संस्थागत क्षमता अभिबृद्धि भई विद्यालय सञ्चलनमा पारदर्शिता, निष्पक्षता, प्रभावकारिता एवम् जबाफदेहिता प्रवर्धन मार्फत सुशासन कायम भएको हुने

**ख.नतिजा**

- विद्यालय शिक्षाको आवश्यक शासकिय र व्यवस्थापकिय कार्यका लागि आवह्यक संरचना र जनशक्ति तयार भएको हुनेछ
- विद्यालय शिक्षाको शासकीय स्वरुप र व्यवसथपनमा संलग्न हुने सबै निकाय एवं व्यक्तिहरुको भूमिका र जिम्मेवारी स्पष्ट भएको हुनेछ
- विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय कार्यसंग सम्बद्ध व्यक्तिहरुको क्षमतामा सुधार भएको हुनेछ
- विद्यालयहरु कार्यसम्पादनमुखी भई विद्यार्थीको सिकाइ उपलब्धी प्रति उत्तरदायी भएको संयन्त्रको विकास भएको हुनेछ
- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भई गुणस्तरीय एवम् प्रभावकारी सेवा प्रवाह हुने ।
- सबै प्रधानध्यापक तथा शिक्षहरुसँग कार्यसम्पादन करार सम्झौत भएको हुने ।

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.सं** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (वर्ष)** | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | | |
| १ | शिक्षामा पारदर्शिता र जवाफदेहीता सहितको सुशासन व्यवस्था गर्नका लागि आवश्यक कानूनी प्रवन्ध जस्तै कार्यविधि र मापदण्ड विकास | पटक | १ | | | | | १ | पालिका |
| २ | विद्यालय शिक्षाको शासकीय स्वरुप र व्यवस्थापन अन्तर्गत सरोकारवाला निकाय एवं व्यक्तिहरुको भूमिका र जिम्मेवारीबारे बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ३ | सामाजिक परिक्षण र सार्वजनकि सुनुवाई कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/ विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालय शिक्षाका शासकीय र व्यवस्थापकीय कार्यसँग सम्बद्ध व्यक्तिहरुको क्षमतामा सुधार (सुशासन, सामाजिक परिक्षण तथा सार्वजतिक सुनुवाई सम्बन्धी तालिम) | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/ विद्यालय |
| ५ | प्रअ र शिक्षकसँग कार्य सम्पादन करार | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/ विद्यालय |
| ६ | विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय कार्यबारे समिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/ विद्यालय |
| ७ | आवश्यकता, क्षमता र सहभागितामा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | | | | | १ | पालिका/ विद्यालय |
| ८ | शिक्षामा पारदर्शिता र जवाफदेहीता सहितको सुशासन व्यवस्था गर्नका लागि आवश्यक कानूनी प्रवन्ध जस्तै कार्यविधि र मापदण्ड विकास | पटक | १ | १ | | | | १ | पालिका |

बजेट

| **क्र.सं** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **अवश्यक बजेट (रू.हजारमा)** | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | | |
| १ | शिक्षामा पारदर्शिता र जवाफदेहीता सहितको सुशासन व्यवस्था गर्नका लागि आवश्यक कानूनी प्रवन्ध जस्तै कार्यविधि र मापदण्ड विकास | पटक | १०० | ० | ० | ० | ० | १०० | पालिका |
| २ | विद्यालय शिक्षाको शासकीय स्वरुप र व्यवस्थापन अन्तर्गत सरोकारवाला निकाय एवं व्यक्तिहरुको भूमिका र जिम्मेवारीबारे बैठक | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | पालिका |
| ३ | सामाजिक परिक्षण र सार्वजनकि सुनुवाई कार्यक्रम | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | पालिका/ विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालय शिक्षाका शासकीय र व्यवस्थापकीय कार्यसँग सम्बद्ध व्यक्तिहरुको क्षमतामा सुधार (सुशासन, सामाजिक परिक्षण तथा सार्वजतिक सुनुवाई सम्बन्धी तालिम) | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | पालिका/ विद्यालय |
| ५ | प्रअ र शिक्षकसँग कार्य सम्पादन करार | पटक | | | | | | | पालिका/ विद्यालय |
| ६ | विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय कार्यबारे समिक्षा | पटक | २५ | २५ | २५ | २५ | २५ | १२५ | पालिका/ विद्यालय |
| ७ | आवश्यकता, क्षमता र सहभागितामा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | पालिका/ विद्यालय |
| ८ | शिक्षामा पारदर्शिता र जवाफदेहीता सहितको सुशासन व्यवस्था गर्नका लागि आवश्यक कानूनी प्रवन्ध जस्तै कार्यविधि र मापदण्ड विकास | पटक | १०० | | | | | १०० | पालिका |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आफ्नो क्षेत्राधिकार भित्रका क्षेत्रगत योजना तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकार प्रदान गरे सँगै स्थानीय शिक्षा ऐन तथा कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरी शैक्षिक सुधारमा अगाडी बढेको छ ।यो शिक्षा क्षेत्रको योजना निर्माण पनि सोही प्राथमिकताको उपज हो । मुलुक संघीय संरचनाको ढाँचामा रुपमान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रबन्ध गर्नु पर्ने कानूनी व्यवस्था छ । शिक्षा क्षेत्रको पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ । संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरुसँग समन्वय तथा सहकार्य गर्दछ । स्थानीय तहमा शिक्षाको छुट्टै इकाइ रहेका छन् । विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ । स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रवन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

### ६.२.१ बर्तमान अवस्था

मकवानपुरगढी गाउँपालिकाको यो शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको आवश्यक छ र कार्यान्वनको लागि धेरै आधारभूत कुराहरु जस्तै व्यवस्थित, नीतिगत र प्रणालीगत प्रबन्धहरुको खाँचो पर्दछ । योजना प्रबन्धमा योजनाको निर्माण, संगठन, नियन्त्रण, निर्देशन र नेतृत्व प्रदान जस्ता तत्वहरुको समिश्रण महत्वपूर्ण हुन्छ । शिक्षा क्षेत्र योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी बनाउन सकेमा यस योजनाको लक्षित उपलब्धि हासिल गर्न सकिन्छ । मुख्यतः यो शिक्षा योजना कमवानपुरगढी गाउँपालिका रहेको सम्पूर्ण विद्यालयहरुमा कार्यान्वयन गरिने हुदाँ यो योजनाको कार्यान्वयनमा संविधानले व्यवस्था गरेको अधिकार अनुसार यस गाउँपालिकाको मुख्य जिम्मेवारी रहन्छ । शिक्षा क्षेत्रको यस योजनाको समग्र कार्यान्वयन प्रकृयाका लागि निम्नानुसारको प्रबन्ध गरिने छ ।

### ६.२.२ उद्देश्य

मकवानपुरगढी गाउँपालिका

- संघीय तथा प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आन्तरिक स्रोतको बजेट समेत संलग्न गरी यो योजनको कर्यान्वयनको लागि वार्षिक रुपमा नियमित बजेट तथा कार्यक्रम तयार गर्ने
- शिक्षा शाखाको क्षमता तथा संसाधनहरु अभिवृद्धी गरी योजना कार्यान्वयनका लागि पर्ने र आवश्यकता अनुसार समिति तथा संसाधनहरु जोड्दै जाने । योजनाको कार्यान्वयनका लागि आवश्यकतानुसारको कानून, मापदण्ड, कार्यविधि, आचार संहिता र निर्देशिका विकास गर्ने
- विद्यालयहरुको नियमित अनुगमन तथा सहजीकरण गरी योजना प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरुको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने योजना निर्माणको आधारका रुपमा प्रयोग गर्ने र संघीय तथा प्रर्दशन समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने
- शिक्षाण सिकाइ उपलब्धि हासिल गर्न आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने
- समुदायको मागको आधारमा सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना, सञ्चालन र व्यवस्थापनमा सहयोग गर्ने
- विषयगत स्थानीय तहका अन्य इकाइहरु, समुदाय, गैर सरकारी संघसंस्थाहरुसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरी कार्यक्रमहरु सञ्चालन गर्ने
- कार्यान्वयनका चरणमा देखा पर्ने समस्याहरुको समयमै पहिचान गरी समाधान गर्नु ।
- शिक्षा क्षेत्रको योजनाको प्रभावकारी कार्यान्वयन गरी विद्यालय शिक्षाको पहुँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्नु ।

### ६.२ .३ रणनीति

- मापदण्डमा आधारित विद्यालय सुधार योजना तयार गरी आवश्यकता अनुसार हरेक वर्ष अध्यावधिक गर्ने
- संघ, प्रदेश, पालिका र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने
- व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने
- विद्यालयले वित्तिय व्यवस्थापन, खरिद प्रतिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने
- विद्यालयले अभिभावक र सरोकारवालाहरुसँग अन्रतक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरु आयोजना गर्ने र समाजिक परीक्षणलाई प्रभावकारी बनाउने
- स्थानीय सरकारका सम्बन्धित इकाइहरु, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने
- विद्यालयले विद्यार्थीको विषयगत सिकाई, अतिरिक्त क्रियाकलाप, सामुदाकिय कार्यमा सहभागिताका लागि अवाश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने
- गाउँपालिकाबाट प्राप्त निर्देशनको पालना गरी यस योजनाको पूर्ण कार्यान्वयनमा सहयोग गर्ने

### ६.२ ४. प्रमुख उपलब्धि र नतिजा

**क. उपलब्धि**

पाँच वर्षे शिक्षा क्षेत्रको कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भई विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि भएको हुने

**ख.नतिजा**

- योजना कार्यानव्यन गर्ने संयन्त्रहरुको संस्थागत क्षमतामा अभिवृद्धि भई शिक्षा क्षेत्रको योजना प्रभावकारी रुपमा कार्यान्वयन् भएको हुने
- अनुगमन सूचक सहित अनुगमन तथा मूल्याङन भएको हुने
- कार्यरत जनशक्तिको क्षमता विकास भई शैक्षिक सेवा प्रवाह छिटो, छरितो, गुणस्तरीय एवं प्रभावकारी भएको हुने
- समयमै प्रतिवेदन प्राप्त भई पृष्ठपोषण प्रदान भएको हुने

### ६.२. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | | |
| १ | सबै आवश्यक विद्यालय सूचना, प्रविधि तथा सञ्चारको न्युनतम प्रविधिको प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/प्रदेश |
| २ | उपयुक्त कक्षा कोठामा प्रविधिको प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/प्रदेश/ |
| ३ | सूचना तथा प्रविधि सम्बन्धी शिक्षकहरुको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ४ | सूचनामा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको नियमित प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ५ | सूचना प्रविधि ल्याब स्थापना लगायत सूचना, प्रविधि तथा सञ्चारको सामग्री र सुविधा तथा भौतिक संरचनाको व्यवस्थापनको लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/प्रदेश/ संघ |
| ६ | सामुदायिक सूचना सिकाइ केन्द्रमा सूचना र प्रविधि स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/प्रदेश/ संघ |

## परिच्छेद ७. लगानी र श्रोत व्यवस्थापन

शिक्षामा गुणस्तर कायम गर्न माथि प्रस्तावित कार्यक्रमहरुको कार्यान्वयन गर्न आर्थिक, भौतिक तथा मानव स्रोतको जरुरत पर्दछ। ती स्रोतहरुको व्यवस्थापनका लागि यस मकावनपुरगढी गाउँपालिकाले अगुवाई गर्नेछ र प्रदेश तथा संघीय सरकारबाट प्राप्त हुने आर्थिक स्रोतहरुलाई यस योजनाको उद्देश्य अनुसार उपयोग गर्नेछ। यस गाउँपालिकामा कार्यरत विभिन्न संघसंस्थाहरुबाट पनि आर्थिक स्रोतहरु प्राप्त गर्नको लागि समन्वय र सहकार्य गरिनेछ । शिक्षाको गुणस्तर

अभवृद्धीमा सबैको चासो हुन आवश्यक छ। वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी हुन जरुरी छ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयहरु यस योजनामा समेटिएको छ ।

### ७.१ वर्तमान अवस्था

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनकालागि लगानी तथा श्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरूको समाधान गर्नु पर्दछ । यहाँ वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनकालागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी श्रोतको आंकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

### ७.२ उद्देश्य

प्रमुख उद्देश्यहरू देहाय अनुसार रहेका छन् -

- गाउँ शिक्षा योजनाका सम्भावित श्रोतहरुको पहिचान गर्नु ।
- योजनामा उल्लेख गरिएका कृयाकलाप वा कार्यक्रमको प्राथमिकता निर्धारण गरी बजेट तयार गर्नु ।
- लगानीको समुचित उपयोगको अवस्था जानकारी सार्वजनिक गर्ने उपयुक्त विधि र प्रक्रिया (प्रतिवेदन
- पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

## ७.३ रणनीति

योजनाको लगानी र श्रोत व्यवसथापन सम्बन्धी रणनीति देहाय बमोजिम छन्:

- शिक्षामा खर्चको जिम्मेवारी स्थानीय तहको हुने र उक्त खर्चको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयलाई वहन गर्न लगाउने ।
- योजनाका कृयाकलाप वा कार्यक्रम लागत किफायत मोड्यालिटिमा र नतिजामूलक लगानी अवधारणामा आधारित भै खर्च गर्ने ।
- मापदण्डका आधारमा वित्तिय तथा कार्यक्रमगत प्रतिवेदन पद्धति अवलम्वन गर्ने।
- नीति र कार्यक्रममा उल्लेख भएका सबै शैक्षिक योजनाहरुमा वित्तिय लगानी अपुग हुने भएकोलेनिश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको खोजि र परिचालन गर्ने।
- गाउँपालिकाको शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानी प्रोत्साहन तथा प्रवर्द्धन गर्न मापदण्ड तयगर्ने।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी रउत्तरदायित्वलाई थप सबल बनाउने ।
- सामुदायिक विद्यालयमा कार्यरत नीजि शिक्षकहरुको लागि तलब, भत्ता र शिक्षक प्रोत्साहन वापतको

रकम गाउँगाउँपालिकाले आफ्नो श्रोतबाट व्यवस्था मिलाउने ।

- मकवानपुरगढी गाउँगाउँपालिकाले शिक्षामा लगानी वृद्धि गर्दै जाने ।

## ७.४ ७.५ प्रस्तावित कार्यक्रम र बजेट

यस योजनामा तय गरिएका कृयाकलाप र कार्यक्रम अनुसार बजेट निर्धारण गरिएको छ। बजेट निर्धारण गर्दा सबैकालागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित शैक्षिक गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ । मकवानपुरगढी गाउँगाउँपालिकाले ५ वर्षकोलागि निर्माण गरेको यस शिक्षा योजनामा विद्यालय क्षेत्रका मूख्य क्षेत्रहरु, अन्तर सम्बन्धित कार्यक्रम र क्षेत्रहरु तथा सुशासन र व्यवस्थापनसंग सम्बन्धित प्रस्तावित कृयाकलापहरुमा बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा सबैकालागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम् सक्षमताका मापदण्ड पूरा गरि गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ। माध्यमिक शिक्षाको सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न र व्यावसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ । पाठ्यक्रमको सान्दर्भिकता बढाउने, पाठ्यसामाग्रीमा सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा संचार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, समता तथा समाविशतामा सुधार गर्न र अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई आवाशीय प्रबन्ध सहित शिक्षा प्रदान गर्ने र छात्रवृत्ति सहयोगमा पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ । समग्रमा शिक्षा क्षेत्रको गुणस्तर सुधार गरी विद्यालयमा भर्ना वृद्धि, टिकाउ दर स्थायित्व ल्याउन र सिकाइ उपलब्धी अभिवृद्धि तर्फ यो योजना र बजेट लक्षित छ ।

शिक्षाको क्षेत्रमा प्रस्तावित बजेट निम्नानुसार रहेको छः

| क्र. स. | शिक्षा क्षेत्र (प्रस्तावित कार्यक्रम ) | (अनुमानित बजेट रु. हजारमा) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | |
| १ | बालविकास र शिक्षा | १२०० | १७५० | १७०० | १७५० | ११०० | ७५०० | |
| २ | आधारभूत शिक्षा | ६१७५ | ५९२५ | ६१७५ | ५९२५ | ५९२५ | ३०१२५ | |
| ३ | माध्यमिक शिक्षा | १४८१० | १४८१० | १४८१० | १४८१० | १५३१० | ७७५५० | |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ३४० | ६८० | ६८० | ६८० | ४३० | २९०० | |
| ५ | पाठ्यक्रम विकास र पाठ्य सामगी | १२५० | ३०० | ३५० | ३०० | ३५० | २५५० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षक व्यवस्थापन र पेशागत विकास | ४२६० | ४२६० | ४२६० | ४२६० | ४२६० | २१३०० | |
| ७ | शैक्षिक समता र समावेशीकरण | ११०० | ४०० | ६०० | ४०० | ६०० | ३१०० | |
| ८ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम | ५०० | ५०० | ५०० | ४२५ | २५० | २९७५ | |
| ९ | छात्रवृत्ति सहयोग कार्यक्रम | ९५५० | १५०० | १५०० | १५०० | १५०० | ७५५० | |
| १० | आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा | ७०० | १०० | ३०० | १०० | १५० | १३५० | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | १००० | १२५० | १००० | १००० | १००० | ५२५० | |
| १२ | शिक्षामा सूचना र प्रविधि | ८०० | ५५० | ५५० | ५५० | ५५० | ३००० | |
| १३ | संस्थागत संरचना र क्षमता विकास | ६७५ | ४७५ | ४७५ | ४७५ | ४७५ | २५७५ | |
| १४ | अनुगमन तथा मूल्याङ्कन | १४७० | १३२० | १३२० | १३२० | १३२० | ६७५० | |

## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कृयाकलापहरुमा श्रोतसाधनको विनियोजन, वितरण र प्रभावकारी उपयोग, विद्यालय निरिक्षण, अभिभावक/शिक्षक क्षमता अभिवृद्धि कार्यक्रम, शैक्षिक क्यालेन्डर अनुसार अतिरिक्त कृयाकलाप संचालन, शिक्षक कार्य सम्पादन मूल्यइकन, परिक्षा प्रणाली, न्यूनतम सिकाइ उपलब्धि हासिल मूल्यड्कन आदी कार्यहरुमा मकवानपुरगढी गाउँपालिका नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गरिरहन्छ र आफ्ना नियमित बैठक तथा कार्यक्रमहरुमा स्थिती विवरण तथा प्रगति समिक्षा जानकारी गराइरहन्छ । आफ्ना शैक्षिक कार्यक्रमहरुको औचित्यता, सान्दर्भिकता, उपयुक्तता र प्रभावकारिताको परिक्षण व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरिरहन्छ । मकवानपुरगढी गाउँपालिका शैक्षिक कार्यक्रमहरुमा भएको विभिन्न लगानीहरुलाई उद्देश्यउन्मूख, पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायी बनाउन अनुगमन र मूल्याङ्कन निरन्तर गरिरहन्छ । साथै संघीय र प्रदेश सरकारको तर्फबाट र जिल्ला तहबाट हुने शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्यमा पनि सहयोग र समन्वय गरिरहन्छ । विभिन्न समयमा हुने यस्ता खाले अनुगमन र मूल्याङ्कनलाई विभिन्न कारणले प्रभावकारी र नतिजामूखि बनाउन सकिरहेका छैनौं ।

## ८.१ वर्तमान अवस्था

शैक्षिक उद्देश्य हासिल गर्न तयार पारिएको कार्यढाँचा, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनकालागि विकास गरीएका सूचकहरु र यस गाउँपालिकाको शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ। वार्षिक कार्यक्रमहरुको कार्यान्वयनको अवस्था तथा विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी प्रगतीलाई अवलोकन, सम्बन्धित विद्यालयको प्रतिवेदन र मूख्य सूचकहरुको निर्माण गरी व्यवस्थित अनुगमन र मूल्याङ्कन गरिनेछ । अनुगमन र मूल्याङ्कनलाई मूख्य रुपमा समग्र शैक्षिक उपलब्धि र समता तथा समावेशीकरणको अवस्था र विद्यार्थीहरुको सिकाइ उपलब्धिमा केन्द्रित गरिनेछ । अनुगमन र मूल्याङ्कन पद्धतीलाई गाउँपालिकाले आफ्नो शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीको माध्यममा आधारित बनाइनेछ र यसका आधारमा शिक्षा योजनामा सुधार गरिनेछ। शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्यलाई व्यवस्थित, पारदर्शि, प्रभावकारी र नतिजामूखि बनाउन यस योजनामा केही मुख्य कृयाकलापहरुको व्यवस्था गरिएको छ।

## ८.२ उद्देश्य

- अनुगमन तथ मूल्याङ्कन कार्यलाई व्यापक बनाइ नियमित, प्रभावकारी र नतिजामुखी बनाउने,
- योजना कार्यान्वयनका क्रममा देखिएका समस्या र चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने,
- योजना कार्यान्वयनको प्रारम्भ देखि नतिजा प्राप्ति चरण सम्म आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- नयाँ योजना विकास गर्न कार्यान्वयन प्रकृया तय गर्न सिकाइ प्रणाली विकास गर्ने ।

## ८.३ रणनीति

- अनुगमन तथा मूल्याङ्कन कार्यकोलागि गाउँपालिका स्तरीय संयन्त्र निर्माण गरी प्रणालीको रुपमा विकास गर्ने।
- अनुगमन तथा मूल्याकन कार्यको मापदण्ड बनाई लागू गर्ने अनुगमन तथा मूल्याकन फारम विकास गर्ने।
- अनुगमन तथा मूल्याकन कार्यलाई सहभागितामूलक र नतिजामुखी बनेको आधारमापुरस्कार र दण्ड गर्ने प्रणालीको विकास गर्ने।
- अनुगमन तथा मूल्याकन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोगसञ्जालीकरण गर्ने
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुवीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने।
- स्थानीय सूचकहरुलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्न प्रणालीको विकास गर्ने।

- शिक्षा योजनाको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचनाप्रणाली सञ्चालनमा ल्याउने र प्रतिवेदन सार्वजिनक गर्ने।
- विद्यार्थी उपलब्धि परीक्षण र शिक्षक कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गर्ने
- शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावधिक र अन्तिम मूल्याकनप्रणाली कायम गर्ने ।
- संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा अनुगमन तथा मूल्याकन गर्ने।
- सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्यांकनलाई प्रभावकारी बनाउन कार्य स्थालमा आधारित अनुगमन, मूल्यांकन, सहजीकरण, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

- योजना कार्यान्वयको चरणमा प्रभावकारी अनुगमन भई देखिएका समस्या तथा चुनौतीहरुको
- सम्बोधनबाट अपेक्षित उपलब्धि हासिल भएको हुनेछ। योजनामा चरणगत मूल्याकन भई परिमार्जित र नतिजामुखी योजना विकासमा पृष्ठपोषण प्राप्त भएको हुनेछ।

ख) नतिजा

- अनुगमन तथा मूल्याकनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन भएको हुनेछ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित भएको हुनेछ।
- विद्यार्थी उपलब्धि परिक्षण तथा विद्यालय कार्य सम्पादन परिक्षण थप व्यवस्थित र नियमित भई यसका नतिजाका आधारमा सुधार गर्ने परिपाटि विकास भएको हुनेछ।
- विभिन्न कार्यक्रमहरुको नतिजा तथा प्रभावको आवधिक मूल्याङ्कन भएको हुनेछ।

## ८.५ प्रमुख कृयाकलाप र परिमाणात्मक लक्षय

| **क्र.सं** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **भौतिक लक्ष्य (वर्ष)** | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथौ वर्ष | पाचौँ वर्ष | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार र आवश्यकता अनुसार अध्यावधिक गर्ने | पटक | १ | | | | | १ | पालिका |
| २ | नियमित तहगत अनुगमन कार्य (कार्यक्रम कार्यान्वयन गर्नेले आफुलेकार्यान्वयन गरेका कार्यक्रमको अनुगमन समेत) | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | पालिका/ विद्यालय |
| ३ | आवधिक र अन्तिम मूल्यांकन | पटक | ५ | १० | १० | ५ | ५ | ३५ | पालिका |
| ४ | चौमासिक तथा वार्षिक समिक्षा | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | पालिका |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण (५,८, १० र १२ का विद्यार्थीहरुको) | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | पालिका/ विद्यालय |
| ६ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ७ | अनुगमन मूल्यांकन प्रतिवेदन प्रणालीलाई सुदृण गर्न क्षमता विकास | | २ | २ | २ | २ | २ | १० | पालिका |
| ८ | तिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार र आवश्यकता अनुसार अध्यावधिक गर्ने | | २ | २ | २ | २ | २ | १० | पालिका/ विद्यालय |

## योजना नतिजा खाका

मकवानपुरगढी गाउँपालिकाको यस शिक्षा योजनाले अफ्नो दीर्घकालीन सोच, उद्देश्य र रणनीति निर्धारण गरेको छ। जसको आधारमा यस योजनाको अन्त्य सम्ममा मापन गर्न सकिने महत्वपूर्ण नतिजाहरु हसिल गनृ सकिन्छ। मापन गर्नको लागि यस योजनामा उपलब्धि र सूचकहरु निर्धारण गरी पाँच वर्षका लागि प्रत्येक नतिजा प्रक्षेपण गरिएको छ।

नतिजा खाका अवधि योजनाको उपलब्धि मापन गर्ने संख्यात्मक साधन हो। जसबाट योजनाका समग्र तथा क्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ। यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नुका साथै अनुगमन तथा मूल्यांकनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ। यसबाट योजनाको अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त हुन्छ

जसले यसको पुर्नलेखन गर्न सहयोग पुग्दछ । नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजा प्रति जवाफदेही बनाउन सहयोग गर्दछ । यस योजनामा आधारित भएर मकवानपुगढी गाउँपालिकाका विदालयहरु अफ्नो वार्षिक योजना निर्माण गर्न सक्दछन् ।

यस परिच्छेदमा योजनाको समग्र खाकाले प्रमुख कार्य सम्पादन सूचकहरु प्रस्तुत गरिएको छ ।

| **क्र.सं** | **सूचकहरु** | आधार वर्ष २०८० | **भौतिक लक्ष्य (वर्ष)** | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१ /०८२ | ०८२ /०८३ | ०८३/ ०८४ | ०८४ /०८५ | ८५/ ०८६ | | |
| १ | **प्रारम्भिक बालबिकास तथा शिक्षा** | | | | | | | | |
| | खुद भर्ना दर (%) | ७९.२ | ८० | ८२ | ८४ | ८६ | ९० | | |
| | ४ वर्षका बालबालिकाहरुको भर्ना अनुपात | ६७.५ | ७० | ७५ | ८० | ८५ | ९० | | |
| | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ८३.४ | ८८ | ९० | ९५ | १०० | १०० | | |
| | आधारभूत तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | कक्षा १ मा नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| २ | **अधारभूत शिक्षा** | | | | | | | | |
| | कक्षा १ मा कूल प्रवेश दर (%) | १०६.२ | १०५ | १०४ | १०३ | १०२ | १०१ | | |
| | कक्षा १ मा खूद प्रवेश दर (%) | ९६.४ | ९७ | ९७५ | ९८ | ९८६ | ९९ | | |
| | कक्षा १-५ मा कूल भर्ना दर (%) | १२४.५ | १२२ | १२० | ११८ | ११६ | ११४ | | |
| | कक्षा १-५ मा खूद भर्ना दर (%) | ९७.२ | ९७४ | ९७६ | ९७८ | ९८ | ९८२ | | |
| | कक्षा १-८ मा कूल भर्ना दर (%) | ११६.९ | ११४ | ११२ | १११ | ११० | १०५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १-८ मा खूद भर्ना दर (%) | ९६.४ | ९६.६ | ९७.० | ९७.४ | ९७.८ | ९८.०० | | |
| | कक्षा १-८ खुद भर्ना दरमा लैङगिक समता सूचांक | ०.९८ | १ | १ | १ | १ | १ | | |
| | कक्षा ८ मा टिकाउ दर (%) | ६६.११ | ६९ | ७३ | ७५ | ७९ | ८३ | | |
| | आधारभूत शिक्षाको तह पुरा गर्ने दर (%) | ८६.५ | ८७ | ८८ | ८९ | ९० | ९१ | | |
| | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिका (%) | १.३४ | ०.७ | ०.५ | ०.० | ०.० | ०.० | | |
| ३ | **माध्यामिक शिक्षा** | | | | | | | | |
| | कूल भर्ना दर कक्षा ९-१० | ८८.५ | ९० | ९२ | ९३ | ९४ | ९५ | | |
| | खुद भर्ना दर कक्षा ९-१० (%) | ६९.६ | ७१ | ७३ | ७५ | ७७ | ७९ | | |
| | कूल भर्ना दर कक्षा ९-१२ (%) | ८३.८ | ८५ | ८७ | ९१ | ९२ | ९३ | | |
| | खुद भर्ना दर कक्षा ९-१२ (%) | ६१.२ | ६२ | ६३ | ६४ | ६५ | ६६ | | |
| | कूल भर्ना दर कक्षा ११-१२ (%) | ७५.२ | ७७ | ८० | ८२ | ८४ | ८६ | | |
| | खुद भर्ना दर कक्षा ११-१२ (%) | ४५.७ | ४७ | ४९ | ५१ | ५३ | ५५ | | |
| | कक्षा १० सम्मको टिकाउ दर (%) | ६२.८६ | ६३ | ६४ | ६५ | ६७ | ७० | | |
| | कक्षा १२ सम्मको टिकाउ दर (%) | ३६.४६ | ३८ | ४२ | ४४ | ४६ | ५० | | |
| | कक्षा १-१२ मा खुद भर्ना दरका आधारमा लैङगिक समता सूचांक | १.३२ | १.३२ | १.३२ | १.३२ | १.३२ | १.३२ | | |
| ४ | **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | | | | | | | | |
| | ५ वर्ष माथिको साक्षरता दर (%) | ७७.७ | ७८ | ८० | ८२ | ८३ | ८५ | | |
| ५ | **महिला शिक्षक प्रतिशत** | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह | ५१.५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | | |
| | माध्यामिक तह | २३.१ | २५ | २५ | २७ | ३० | ३० | | |
| ६ | **स्थानीय बजेटमा शिक्षा क्षेत्रको बजेट (%)** | ११.८७ | ११.८७ | १२.५० | १४.५० | १५.५ | १९.५ | | |

**अनुसूची १ शिक्षा योजना निर्माण कार्यदल**

संयोजकः श्री आइत सिं लो (सामाजिक विकास समिति संयोजक एवं वडा नम्बर १ का वडाध्यक्ष)

सदस्यः श्री राम बहादुर घलान (प्रमुख शिक्षा, युवा तथा खेलकुद शाखा)

सदस्यः श्री कमल फुयाल (शिक्षा फोकल पर्सन)

अनुसूची २ विद्यालय विवरण विस्तृतमा

| **क्र.सं** | **विद्यालय नाम** | तह/शैक्षिक किसिम | ठेगाना | **भौतिक लक्ष्य (वर्ष)** | | | | | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | अन्य | जम्मा | प्रअ | |
| १ | रानीसेरा मा.वि. | १-१० | वडा-१ | २०० | १६३ | ० | ३६३ | सुन्दर सिं लो | |
| २ | शुभलाम प्रा.वि. | १-३ | वडा-१ | २९ | २४ | ० | ५३ | जानुका कार्की | |
| ३ | आपटार प्रा.वि. | १-३ | वडा-१ | ३२ | ३० | ० | ६३ | होइसिल न्यासुर | |
| ४ | रतनदेवी प्रावि | १-५ | वडा-१ | ३७ | ४४ | ० | ८१ | महिमा लामिछाने | |
| ५ | लेनडाँडा प्रावि | १-३ | वडा-१ | २५ | १४ | ० | ३९ | हरिमाया स्याङ्तान | |
| ६ | चण्डिका मावि | १-१२ | वडा-२ | १८४ | १८२ | ० | ३६६ | विर बहादुर गोले | |
| ७ | हेमकर्ण आवि | १-८ | वडा-२ | १२९ | १०१ | ० | २३० | मोहन लामा | |
| ८ | वंसगोपाल मावि | १-१२ | वडा-२ | २२६ | २९३ | ० | ४३९ | विक्रम चौरेल | |
| ९ | कालिदेवी प्रावि | १-५ | वडा-२ | ६३ | ५७ | ० | १२० | केशव प्र.देवकोटा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | कालिदेवी प्रावि | १-३ | वडा-३ | | | | | विष्णु खड्का | |
| ११ | सरस्वती प्रावि | १-३ | वडा-३ | ८ | ९ | ० | १७ | सारदा दाहाल | |
| १२ | भानुमावि | १-१२ | वडा-३ | २२३ | २५० | ० | ४७३ | राजेन्द्र थापा | |
| १३ | ज्वालादेवी आवि | १-८ | वडा-४ | ५२ | ४० | ० | ९२ | सरोज फूयाल | |
| १४ | मनकामना मावि | १-१० | वडा-४ | ५७ | ८६ | ० | १४३ | भोजराज चापागाई | |
| १५ | प्रतिभा प्रावि | १-३ | वडा-४ | १० | १५ | ० | २५ | साधुराम पुडासैनी | |
| १६ | सरस्वती प्रावि | १-५ | वडा-५ | २१ | ३३ | ० | ५४ | चतुर्भुज पौडेल | |
| १७ | उज्जल प्रावि | १-३ | वडा-५ | १५ | १३ | ० | २८ | इन्द्र बस्नेत | |
| १८ | ज्योति प्रावि | १-३ | वडा-५ | १२ | १५ | ० | २७ | ओमथान घिमिरे | |
| १९ | आ.शि.आवि | १-८ | वडा-५ | ६६ | ७४ | ० | १४० | प्रल्हाद घिमिरे | |
| २० | अमर सिंह प्रावि | १-३ | वडा-५ | २० | ११ | ० | ३१ | राजु संजेल | |
| २१ | मञ्जुश्री प्रावि | १-३ | वडा-५ | १६ | १३ | ० | २९ | श्री कृष्ण आचार्य | |
| २२ | शारदा मावि | १-१२ | वडा-५ | २११ | २११ | ० | ४२२ | इन्द्र कार्की | |
| २३ | बालज्योति प्रावि | १-३ | वडा-६ | १८ | १७ | ० | ३५ | गिता तिम्सेना | |
| २४ | जनक मावि | १-१० | वडा-६ | ८२ | ९४ | ० | १७६ | भूवन थिड | |
| २५ | जालपादेवी मावि | १-१० | वडा-६ | १७६ | १३६ | ० | ३१२ | राजु गौतम | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ | कालिदेवी प्रावि | १-५ | वडा-६ | २३ | ३० | ० | ५३ | देवकी तिम्सिना | |
| २७ | जिम्बर प्रावि | १-३ | वडा-७ | १३ | १५ | ० | २८ | रत्नमाया गोले | |
| २८ | जनता मावि | १-१२ | वडा-७ | २१२ | १७९ | ० | ३९१ | ज्ञानबहादुर रुम्बा | |
| २९ | गिता धर्म आवि | १-८ | वडा-७ | ६८ | ६३ | ० | १३१ | गोकुल लम्साल | |
| ३० | बुद्ध धर्म आवि | १-८ | वडा-७ | ८२ | ७९ | ० | १५२ | यादव अधिकारी | |
| ३१ | बागेश्वरी प्रावि | १-३ | वडा-७ | ८ | ११ | ० | १९ | दुधराज न्यासुर | |
| ३२ | गौरीशंकर महादेव प्रावि | १-३ | वडा-७ | १९ | २३ | ० | ४२ | कविता थापा | |
| ३३ | जनजागृति आवि | १-३ | वडा-७ | २५ | १५ | ० | ४० | विष्णुयादव | |
| ३४ | बालजागृति आवि | १-८ | वडा-८ | ४२ | ५८ | ० | १०० | नरेन्द्र रेग्मी | |
| ३५ | रुपनारायण मावि | १-१० | वडा-८ | १५५ | १२४ | ० | २७९ | राज कुमार श्रेष्ठ | |
| ३६ | ऋषेश्वर प्रावि | १-५ | वडा-८ | २६ | ४२ | ० | ६८ | विष्णु तिम्सिना | |
| ३७ | बागेश्वरी प्रावि | १-५ | वडा-८ | २३ | ३४ | ० | ५७ | काशिराज पुडासैन | |

**अनुसूची ३ गाउँ शिक्षा समिति नामावली**

मकवानपुरगढी गाउँपालिका, मकवानपुर

गाउँ शिक्षा समितिको नामावली

| क्र.सं. | पद | नाम थर |
|---|---|---|
| १ | अध्यक्ष | श्री दोर्जे लामा स्याङ्तान |
| २ | सदस्य | श्री सुधन लामिछाने |
| ३ | सदस्य | श्री आइत सिंह लो |

| | | |
|---|---|---|
| ४ | सदस्य | श्री गोकुल प्रसाद देवकोटा |
| ५ | सदस्य | श्री लक्ष्मी वि.क. |
| ६ | सदस्य | श्री राजकुमार लामा गोले |
| ७ | सदस्य | श्री राजेन्द्र थापा |
| ८ | सदस्य | श्री शत्रुधन दुलाल |
| ९ | सदस्य सचिव | श्री राम बहादुर घलान |

**अनुसूची ४ सन्दर्भ सामग्री**

१. विद्यालय शिक्षाका राष्टिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
२. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६) पाठ्यक्रम विकास केन्द्र भक्तपुर
३. स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९, (परिमार्जित संकरण २०८१), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
४. गाउँपालिका शिक्षा ऐन २०७५, कमवानपुरगढि गाउँपालिका
५. शैकि स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
६. शिक्षा क्षेत्रको योजना, २०७७
७. नेपालको संविधान, २०७२
८. शिक्षा ऐन, २०२८ संसोधन सहित
९. राष्टिय शिक्षा नीति, २०७६
१०. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
११. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आवद्ध विभिन्न वेभसाइटहरु
१२. विभिन्न बुलेटन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्यांकहरु
१३. मकवानपुरगढी गाउँपालिकाको शैक्षिक तथ्यांक, मकवानपुरगढी गाउँपालिका
१४. मकवानपुरगढी गाउँपालिकाको बजेट २०८०